CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै. अ.
८४६

UNIVERSITY
INCORPORATED
THMANDU
NEPAL

वाल्मीकि क्याम्पस
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजकीय संस्कृत महाविद्यालय

# अरुणोदय

नं २४२८

( नेपाली द्वैमासिक साहित्यिक पत्रिका )

## श्री ५ महेन्द्रशुभजन्मोत्सवाङ्क

वार्षिक ५। अर्धवार्षिक २।७५ एक प्रतिको १।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# विषय-सूचि

| विषय | लेखक | पृष्ठ |
|---|---|---|

## कविता


| विषय | लेखक | पृष्ठ |
|---|---|---|
| मनः कल्पना | आर्. वी. शर्मा सुवेदी | ( क ) |
| नयाँकामना | पुरुषोत्तम ढकाल | ( ख ) |
| सधै नै हाम्रो बीचमा रहिरहू | मदन अर्याल | ( घ ) |
| १ सौन्दर्य रानीका सिंहासन | आनन्ददेवभट्ट | १ |
| २ जुंगा | गणेश प्रसाद अधिकारी | ४ |
| ३ म मुक्ति चाहन्छु | पद्म ढकाल | ६ |
| ४ चिता | विन्दु कोइराला | २ |
| ५ ए ? नभुलेस् | दैवज्ञराज न्यौपाने | ३८ |
| ६ शहीदमा सन्देश | ” ” | ४५ |


## लेख निबन्ध


| विषय | लेखक | पृष्ठ |
|---|---|---|
| राजा प्रकृतिरञ्जनात् | चाणक्य शास्त्री | ( ग ) |
| ७ साहित्यकारको कर्तव्य | हरिहर शास्त्री | ६ |
| ८ वसन्त कविको परिचय | हरिनाथ ढुङ्गेल | २३ |


## कहानी


| विषय | लेखक | पृष्ठ |
|---|---|---|
| ९ अपराधी को ? | गीता केशरी | १३ |
| १० आत्मा-साक्षी | श्री गवश (गणेश वल्लभ शर्मा) | २६ |


## स्थायिस्तम्भ


| विषय | लेखक | पृष्ठ |
|---|---|---|
| ११ हाम्रो टुपी ( संस्कृति ) | हरिनाथ ढुङ्गेल | ४० |
| १२ करुण-रसचर्चा | भरतराज पन्त | ४ |
| १३ सम्पादकीय | | ५ |


Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रानीपोखरी संस्कृतछात्रावासबाट प्रकाशित

नेपाली साहित्यिक द्वैमासिक पत्रिका

# अरुणोदय

वर्ष १ ] जेठ, असार, [ अंक ५

## सञ्चालक समिति–

दामोदर ढकाल-'शास्त्री" अध्यक्ष
केशवराज घिमिरे सुमन उपाध्यक्ष
होमनाथ शर्मा दाहाल- सचिव
विष्णुराज कुसम- कोषाध्यक्ष
रामप्रसाद भट्टराई- सदस्य
पुरुषोत्तम भट्टराई- सदस्य
भरतमणि रिसाल ”
बद्रिनाथ खनाल ”
दिगम्बर शर्मा घिमिरे ”
तीर्थराज सुवेदी हंसपुरे ”
लक्ष्मीप्रसाद दाहाल ”
दुण्ढिराज खनाल ”
मोहन रेग्मी ”

## सम्पादक मण्डल

प्र. सं. लक्ष्मीप्रसाद दाहाल
” तीर्थराज सुवेदी हंसपुरे
” दुण्ढिराज खनाल

## प्रकाशक-

ऋषिराम पोखरेल
सभापति छात्रकार्यसमिति
सं.छात्रावास काठमाडौं नेपाल।

—मुद्रक
मातृभूमि प्रेस
घण्टाघर, काठमाडौं नेपाल।
फोन नं. ११५२०.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# यस अङ्कका हाम्रा लेखककविहरू:-

आनन्ददेव भट्ट- धरान महेन्द्रकलेजका प्राध्यापक तथा प्रसिध्द लेखक ।

गणेश प्र० अधिकारी- नवोदित लेखक

पद्म ढकाल- आसाम तेजपुर सोठिया निवासी प्रवासी नेपाली, छोटो लेख, कहानी, र कविता विभिन्न पत्र पत्रिकामा प्रकाशित, गद्य कवितामा विशेष हात वढाएका उत्साही युवक ।

गीता केशरी- ( वानेश्वर काठमाडौं ) एम्.ए. नवोदिता लेखिका ।

विन्दु कोइराला (पू. २ नं दुम्जा) साहित्य तर्फ रुचि राख्ने उत्साहिनी छात्रा।

हरिनाथ उपाध्याय- रा.सं.स.वि.का प्राध्यापक, लेखक तथा प्रसिध्द विद्वान् ।

गवश- पूरानाम गणेशवल्लभ शर्मा ~~पब्लिक~~ अमृत साइन्स कलेजका लेकचरर (नेपाली)

दैवज्ञ न्यौपाने- (पू. ४ नं. सिक्तेल गोगने) मध्यमाका छात्र वार्णिक छन्दमा हात वढाएका उत्साही युवक ।

हरिहर शास्त्री- दरवारहाईस्कूलका अध्यापक तथा प्रसिध्द लेखक ।

भरतराज पन्त- (ठमेल कापमाण्डू) साहित्याचार्य पद्य साहित्यमा विशेष सफल उत्साही कवि ।

आर्. वी. शर्मा सुवेदी- एस.एल्.सी. का छात्र, विशेष साहित्यिक क्षेत्रमा हात वढाएका उत्साही युवक ।

पुरुषोत्तम ढकाल- काठमाडौं, साहित्यमा रुचि भएका उत्साही युवक ।

चाणक्य शास्त्री- एक उत्साही नवोदित लेखक ।

मदन अर्याल- काठमाडौं, साहित्यमा रुचि भएका साहित्य शास्त्री तथा आइ.ए. का छात्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# मनः कल्पना

— आर्. वी. शर्मा

प्रणय-सिन्धुको स्वच्छ वायुमा, हृदय मस्कने गीत-माधुरी
मधुमिठासमा हाँस है ! मुमा अब गयो फिका नृत्य आसुरी ॥

हिम पटाङ्गिनी चेत्र पांच हो शहीद चारऔ र बुवाजी नै
पञ्च आत्मको पञ्च-देशहो पञ्च गाउंला दीर्घसम्म नै ॥

भूवन वाग हो पुष्प सन्तति सुसुवु क्या मिठो वासना चल्यो
कवि नरेशको चन्द्र आकृति भुवन-शान्तिको दीप झैं बल्यो ॥

कवि नरेशको पाईं दर्शन खुसि छ है सदा चित्त मञ्जरी
सत्य-कर्ममा गर्छ वन्दना सुखसपुण्यले अञ्जलि भरी ॥

कवि महेश हे ! प्रार्थना, यति-कवि नृपाकृति भुल्न सक्छ को ?
सव नरेशका प्रेमि-सन्तति सुखी रहुन् सदा प्रार्थना छ यो ॥

दिवस यो मिठो शान्त-कोमल भईं चिरञ्जीवी आइ नै रहोस्
भुवन-नृत्यको दिव्यमादल कवि नरेशको हातले वजोस् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

# नयां कामना

– पुरुषोत्तम ढकाल "शास्त्री"

नयाँ बनाई देश विश्वमा अपूर्व शासन
फलाउने फुलाउने लिएर शुद्ध आसन
नयाँ प्रकाश वर्षमा नयाँ विकाश भै रहून्
सदा प्रकाश सूर्य–चन्द्र झैं अमीट भै रहून्

॥ १ ॥

विहान सूर्य साथमा सदा स्वकार्यसाधक
महेन्द्ररत्न फैलिउन् हदेर दुष्ट बाधक
महत्वपूर्ण वर्ष होस् सुकीर्ति हर्ष फैलियोस्
स्वदेश राम राज्य होस् स्वतन्त्र-पञ्चमा फुलोस्

॥ २ ॥

घुमी स्वदेशका कुना कुना बुझेर देश भावना
सुधारको विचार भो पवित्र पूर्व-पञ्च कल्पना
गरून् चिरायु ईशले नयां मधुर पालुवा फुलून्
महेन्द्र माधुरी सदा नयाँ उषा समीरमा वहून्

॥ ३ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# राजा प्रकृतिरञ्जनात्

— चाणक्य "शास्त्री"

इतिहासले राजाको उत्पत्ति र विकासको वारेमा विभिन्न र धेरै कुर बताउंछ। हाम्रो परम्परानुसार राजा त्यस शक्तिको मूर्त प्रतीक हो जसक छत्रच्छायामा संवन्धित राष्ट्रका जनताले अमन चैनको जीन्दगी विताउंछन् शक्ति जीवनदायिनी प्रेरणा हो। चर र अचर उसैका पूर्ण र अपूर अभिव्यक्तिका उदाहरण हुन्। मनुष्यमात्र संग यी दुवैको उपभोक्ता र उप- भोग्यको संवन्ध रहेको देखिन्छ। उपभोग्यको लागि तछाड् मछाड गर लुछाचुडी गर्नु सहज प्रवृत्ति जस्तो भइ आएको छ। फलत मत्स्यन्यायक उत्पत्ति र विकासको प्रधान संरक्षक यही लुछाचुडी हो, जसबाट राष्ट्रम र समाजमा अराजकता र मपाईको संकुचित एवं भयावह भावना फैलन्छ सृष्टिकर्ताको विश्वसृजनाको आशय शायद यही होइन होला र उनले आफ्न शक्तिको एक अंशलाई मूर्त रूप दिए जसलाई राजा भनिन्छ। शक्तिक अंश भएकोले राजामा गर्ने, नगर्ने र अन्यथा गर्ने क्षमता निहित छ भन्ने हाम्रो प्राचीन धारणाछ। यसै उसले महाभारतको अन्त्यमा भीष्म युध्दि- ष्ठिरलाई उपदेश दिंदै भन्नु हुन्छ "राजा कालस्य कारणम्"। राजाले काल (परिस्थिति) वनाउंछ नकि परिस्थितिले राजाई यो प्रतीकात्मक भनाई हो यहां राजा भनेर प्रसङ्गवश मनुष्यमात्र लिन सकिन्छ।

विकासबादी सिध्दान्त अनुसार राजाको उत्पत्ति सृष्टिको आदिमा नभएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF



सभ्यताको सुरुआमा भयेको पाइन्छ । अनुभवी सवैले खाएको र लोकप्रिय व्यक्तिलाई आदिम समाजले उचित अधिकार दियो र समाजलाई एक निश्चित आकार दिनु र वाहिरी हमलावाट बचाउनु उस्को मुख्य कर्तव्य भयो । यस्का विकासको अन्यतम सिंढी राजा हो । यि दुवै सिध्दान्त प्रमाण प्रणाली अलग भएतापनि परिणाम एक नै हुन्छ ।

यसरी उत्पीडनविहीन सुन्दर समाजको परिकल्पनामा राजाको महत्व बढ्दै गयो र साधुलाई चौतारो र चोरलाई शूलीको व्यवस्था कल्पनामात्र नभई साकार भयो । तर राजाको कर्तव्य र अधिकारले विशाल परिदेश लिंदै गयो र त्यसको सरल व्यवस्थको लागि राजधर्मको आवश्यकता अनुभूत भएकोले तत्संवन्धि ग्रन्थ लेखियो । राजधर्म ज्यादै विस्तृत छ तापनि एउटै परिभाषामा अटाउंछ । त्यो हो "राजा प्रकृति रञ्जनात् ।" प्रजालाई खुशी तुल्याउने भएकोले राजा भनिएको हो । यो परिभाषा यति रोचक, वैज्ञानिक र लोकप्रिय भयो कि प्राचीन योग्य भारतीय राजाहरूले जीवनादर्श नै यसैलाई ठानेर र तदनुसार व्यवहार पनि गरे । यसै कुरालाई वशिष्ठजी रामलाई पठायेको सन्देशमा दोहोर्‍याउनु हुन्छ: 'युक्त प्रजानामनुरञ्जननेस्यास्तस्माद्यशो यत्परमं धनं वः' प्रजालाई खुशी र समृध्द वनाउने काममा संलग्न रहु । किनकि यसवाट मिल्ने कीर्ति नै तिम्रो सर्वश्रेष्ठ संपति हो । यस्तै आदर्श शिक्षा र तदनुसारको व्यवहारवाट आदर्शको नमूना 'रामराज्य' खडा भयो । रामको सर्वोत्तम आदर्श–विचार यस वाक्यवाट स्पष्ट हुन्छ 'न राजाऽपचारमन्तरेण प्रजानामकालमृत्यु सञ्चरति' राजाको अपचार विना प्रजाको अकालमृत्यु हुदैन । शायद यो जो भनिएको छ सर्वांशमा सही हो भन्नु तथ्यवाट विमुख हुनु होला । किनकि राजापचार नै प्रजाको अकालमृत्युको कारण होइन । तथापि यो एक आदर्श हो जो अतिशयोक्तिपूर्ण छ, एक नमूना हो जो अनुकरणीय छ र एक शान हो जसले मेयलाई नाप्दछ । वितेको इतिहासले वताउंछ कति सफल चेष्टा गरे र कति असफल पनि रहे । अपवादमा वाद विवाद गर्ने ठाउं छैन । साधारणतया राष्ट्रको नवनिर्माण राजाहरूको महत्वपूर्ण देन कवुल्न पछि सर्नु हुन्न । यो तथ्य हामी पूर्व मेचीदेखि पश्चिम महाकाली सम्म विस्तृत भूभागको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



प्रतिनिधित्व गर्ने 'नेपाली' पदले आफ्नो ओजस्वी परिचय दिंदा एक महान आत्मा प्रति कृतज्ञ नभई रहन सक्दैनौं। किनकि श्री ५ वडामहाराज पृथ्वी-नारायणशाहको अथक परिश्रमको देनहो-यो विशाल नेपाल। त्यो दिन नेपाली जनताको एकताको सुप्रभात थियो थियो। जनताले एक योग्य नेता पाए जसको सफल वाहुलीको इशारामा नाच्ने सुअवसर पायेकोमा राज्य-लक्ष्मी आफैलाई धन्य सम्झन्थिन्। राजाले सरल र शूरवीर रैती पाये जो देश महेश र नरेशको लागि आकाश पाताल एक गनु परेपनि पछि हट्दैनथे। किनकि राजाको रैतीमा ममता थियो, प्रजाको राजा प्रति इमान्दार भक्ति। वडामहाराजका उपदेशहरूवाट मासुफको प्रजामा रहेको ममता स्पष्ट हुन्छ। 'रैती मोटाये देश वलियो हुन्छ" यी उपदेशमा राजा र प्रजाका वीच हुनु पर्ने र भैरहेको पनि सामीप्यको सूक्ष्मानुभूति हुन्छ।

हुन पनि यदि राजा प्रजावाट टाढिंदै गयो भने प्रजा पनि राजावाट टाढिंदै जान्छ यो अस्वाभाविक होइन। कारण विश्वप्रपञ्च नै सापेक्ष्य छ। समय र दूरी त सापेक्ष्यका अनन्य उदाहरण नै हुन्। त्यो स्थितिले असजिलोपनाको अनुभूति गराउंछ। आकाशमा चन्द्रमा हुन्छन् र उनको धेवल प्रकाशमा आलोकित हुन चाहने पार्थिव वातावरण पनि हुन्छ तर वीचमा कालो वाद-लको साम्राज्य छेड़ेर यताउति च्याउन पनि असंभव हुन्छ। यस्ता परिस्थिति जीवनमा यदाकदा आइनै रहन्छन्। यी सव असजिलोपनलाई हटाउनु पार-स्परिक सुझबूझको ज्योति चाहिन्छ। सुन्दर नेपालको शान्त काखमा मौका मौकामा यस्ता ज्योतिहरूको स्वागत गर्न पाउने नेपालीको सौभाग्य अझ पनि मेटिएको छैन। देदीप्यमान र नेपाली हृदयाकाशवाट कहिल्यै पनि न अस्ताउने ज्योति श्री ५ त्रिभुवनलाई प्रकृतिरञ्जनको अनुपम उदाहरण मान्न नेपाली मात्र कहिल्यै पनि पछि हट्ने छैन। चिरनिद्राट व्युँझेर आलस्यमय आङतनाईमा लागेका नेपालीले आर्त पुकार सुने र राजाको दरिलो भरोसा र सक्रिय सहयोग पाए जसले गर्दा तोते वोली स्पष्ट भये, आकांक्षा पखेटा हाले र जीवनले उठेर वस्न सिक्यो। श्री रामले"... "जान-कीमपि, आराधनायलोकस्य मुञ्चतो नास्ति मे, व्यथा" प्रजाका खुशीको लागि अरूत के कुरा सीतालाई त्याग्नु परेपनि मलाई दुःख लाग्ने छैन भन्नु भयेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



थियो त श्री ५ त्रिभुवनवाट प्रजाको आराधनाको लागि सिंहासन वाजी लगाई वक्स्यो। प्रकृतिरञ्जनको यस भन्द उत्तम निदर्शन दुर्लभ छ।

यसरी वस्न सक्ने जीवनले अर्को एक सबल सहारा पायो। फलतः आज नेपाली पादविन्यासको पूरा कौशल नजाने पनि सुरुसुरु हिड्ने कोशीस गर्दैछ, उस्को उड्ने आकांक्षा दिन दोवर रात चौंवर गरेर वढ्दैछ। जीवनका प्रत्येक क्षेत्रले श्री ५ महेन्द्रको नेतृत्ववाट वञ्चित भएर आफ्नो हेयता अनुभव गर्नु परेको छैन। कुनै कुनै प्रजाप्रिय राजाहरू भेष वदलेर दैला दैलो गयेर प्रत्येक वर्ग, व्यक्ति वा समाजको दुःख सुख वुझ्थे भन्ने इतिहास नानीहरू देखिनै हामीले पढ्दै आएका हौं। आज उसै गरी मौसुफ प्रजाको भावना दुःख र वातावरण संग चिनारी गर्न गाउं गाउं सवारी हुदा नेपालीले नजीकवाट राजालाई चिन्ने मौका पायो। यो सामीप्यनै यस्तो संम्बन्ध हो जसले "राजाप्रकृतिरञ्जनात्" को आदर्शको राम्रो व्याख्या गर्दछ।

---

## हामी नेपाली—

डांडा कांडा, हिम, नदनदी–पूर्ण हाम्रो छ देश
राष्ट्र प्रेमी सव जन यहां छन् सदा कंती के छ?,
देख्तामा नै मन खिचिलिने स्वच्छ हावा र पानी-
मिल्दामा छौं दृढ र हसिला विश्वविख्यात नामी॥

— वालचन्द्र शर्मा पौड्याल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



## सधैं नै हाम्रो बीचमा रहिरहू

ले० मदन अर्याल

नेपालीका हे प्रिय राजा !
"प्रजातन्त्र" को दिएर खाजा
प्राचीन भैकन पनि नवीन "पञ्चायत" को पद्धति देखाई
भोक र प्यास हटाउन
नेपालीको दर्द मिटाउन
सधैं नै हाम्रो बीचमा रहिरहू ॥

॥ १ ॥

हे राष्ट्रीयताका परम मित्र !
देश प्रति तिम्रो छ हृदय पवित्र
सधैं प्रबिष्ट छौ तिमी नेपालीको हृदय भित्र
मेची–काली मार्ग बनाई
नेपालीलाई गर्न इकाई
अन्धकारमा अलमलिएका हामीलाई
ज्ञानको मसाल हातमालिदै, प्रकाश दिदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पथ प्रदर्शक बन्ने, तिमी
सधैं नै हाम्रो बीचमा रहिरहू ॥

॥ २ ॥

हे मित्र राष्ट्रका भ्रमणकर्ता !
हे तटस्थताका पूजारी !
त्यो दिव्य राजमुकुट र छाता मनि
"पञ्च" ले दिएको सल्लाह लिएर
कांधमा कोदाली, कम्मरमा खुकुरी भिरेर
विकास गीत गाएर
उन्नतिपथ अँगाल्दै छौं
तिम्रो सही निर्देशन ढुक्तै छौं
यसैले, हे युगपूरुष ! राष्ट्रनायक ।
सधैं नै हाम्रो बीचमा रहिरहू

॥ ३ ॥

" श्री मदन-पुस्तकालय "
( पू. ४ नं. भोजपुर दलगाउँ )
तपाईहरूको नै हो, हरतरहले मद्दत गर्नु होस्,
काठमाडौंमा संपर्कको लागि–विष्णुराज कुसुम सुवेदी शास्त्री
संस्कृत छात्रावास ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# सौन्दर्य रानीका सिंहासन अगिल्तिर

ले० खलिल जिब्रान

अनु. आनन्ददेव भट्ट

एक दिन दुःखले आकुल व्याकुल पारेर म समाजको क्रुर अनुहारबाट र शहरको रिङ्गटा छुटाउलाजस्तो खैलाबैलाबाट टाढा भागें र आफ्नो थाकेका पाइलाहरू लिएर चारैतिर खुला भएको ब्यांसितिर लागें। मैले त्यो सानो नदीको आह्वानगर्दो बाटो र चराहरूको संगीतमय शब्दहरूलाई पछ्याएँ जसका फलस्वरूप आखिरमा म एउटा एकान्तको ठाउँमा जहाँ ती वृक्षहरूका जतातते फैलिरहेका हाँगाहरूले सूर्यका किरणलाई पृथ्वीछुनबाट रोकेका थिए।

म त्यहाँ ठिङ्ग उभिएँ र यसो गर्नु मेरो आत्मालाई बडो आनन्ददायक कुरो थियो–मेरो त्यो तिर्खाएको आत्मा जसले जीवनको मिठासका साटो मृगमरीचिका बाहेक अरु केही देखेको थिएन।

म आफ्नै सोचविचारमा चुर्लम्म डुबें र मेरा आत्माहरू आकाशमा तैरिराखेका थिए। त्यत्तिकैमा एउटा स्वर्गकन्या हुरी अङ्गुरको एउटा डाँब्लाले आफ्नो नाङ्गो शरीर छोपेर, आफ्नो सुनकेस्रे कपाललाई अफिमको फूलको मालाले बेरेर एक्कासी मेरो सामु देखा परी। त्यसले म छक परेको कुरा बुझेर मलाई यसो भनेर स्वागत गरी– "मसित नडराऊ; म यस जंगलकी परी हुँ।"

तिमीजस्ती सौन्दर्यकी रानीलाई यस्तो ठाउँमा बस्नु पर्ने किन हँ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कृपया मलाई यति कुरो भनि देऊ–तिमी हौ को र कहाँबाट आएकी ? भनेर मैले सोधें। तिनी सारै राम्रो देखिने गरी (हलुङ्गो गरी) त्यो हरियो घाँस माथि वसिन् र जवाफ दिइन्– " म प्रकृतिकी प्रतीक हुँ । म, तिम्रा पुर्खाले पूजा गरिएकी सँधैंकी कन्याकेटी हुँ र तिनीहरूले मेरा सम्मानमा ( See I para ulin ) Boal bek र जाबील ( Djabeil ) मा तीर्थस्थान र मन्दिरहरू बनाएका थिए।

अनि मैले हिम्मत गरेर भनें– " तर ती मन्दिर र तीर्थस्थान त भत्काइएका थिए र मेरा पूज्य पुरखाका हाडखोरहरू पृथ्वीकै एक भाग बने, उनीहरूका स्मृतिका लागि इतिहासका कितावमा बाँकि रहेका २।४ पानाहरू बाहेक अरू केही पनि बाँकि छैन।"

जवाफमा तिनले भनिन्– " कुनै कुनै देवीहरू आफ्ना पूजारीहरूको जीवन मैं बाँच्छन् र तिनीहरू मर्दा आफू पनि मर्दछन् तर कुनै २ को अनन्त र अगम जीवन हुन्छ। मेरो जीवनलाई सौंदर्यको संसारले थेगेको छ जुनकुरो तिमी आफ्ना आँखा जहाँ लगायो त्यहीं देख्ने छौ र यो सौन्दर्य प्रकृति आफैं हो। यसको सुरूवात ( आदि ) पहाडमा गोठालाहरूले व्यक्त गर्ने आनन्द, खेतमा किसानले अनुभव गर्ने सुख्वा पर्वत र समतलका बीचमा रहेको जातिमा पाइने भक्तिपूर्ण–विश्मयको आनन्दमा छ । यस सौन्दर्यले बुद्धिमान मान्छे (बुज्रुक) लाई सत्यको सिंहासनमा चढाइ दिन्छ।"

अनि मैले भनें– " एउटा भयानक शक्ति हो।" र तिनले जवाफ फर्काइन्– " मानवजातिहरू सबै कुरा देखेर, तिमीहरूलाई नै देखेर समेत डराउँछन्। तिमी स्वर्गदेखि डराउछौं जुन आध्यात्मिक शान्तिको मुहान हो, तिमी डराउँछौ जुन आराम र एकान्तको प्रकृति देखि हो, तिमी देउतासित डराउँछौं र क्रोधका वशमा परेर अनेक दोषारोपण गर्छौं



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जबकि ती प्रेम र दयाले परिपूर्ण हुन्छन्।

एक छिनको गहन मौनता पछि मीठा र कल्पनाका साथ मैले सोधें- "मलाई त्यस सौंदर्यको विषयमा भनिद्यौ जसलाई मानिसहरू प्रत्येकले आफ्ना आफ्ना धारणा अनुसार, अर्थ लगाउँछन् र परिभाषा दिन्छन्, मैले तिनलाई धेरै किसिमबाट सम्मान र पूजा गरिएको देखेको छु।"

तिनीले उत्तर दिइन्- "सौंदर्य भनेको त्यो कुरो हो जसले तिम्रो आत्मालाई आकर्षित पार्छ र त्यो हो जसले दिन रुचाउँछ तर लिन होइन। जब तिमी सौंदर्य सित भेट हुन्छ, तिमीलाई अनुभव हुन्छ तिम्रा अन्तरात्मामा गहिरिएर पसेका हातहरू तिनलाई आफ्नो हृदयको अधिकार क्षेत्र भित्र ल्याउन लम्कन खोज्छन्। यो यस्तो अद्भूत कुरो हो जसमा दुःख र आनन्द दुबै मिसिएको छ। यो त्यो हो जो तिमी देख्छौ र यो त्यस्तो अस्पष्ट कुरो हो जो तिमी बुझ्छौं. र यो त्यस्तो सन्नाटा हो जो तिमी सुन्छौ- यो पवित्र वस्तुहरू मध्येको पनि त्यस्तो पवित्र कुरो हो जो तिमी भित्रै शुरु हुन्छ र टुङ्गिदा चाहिं तिम्रो सांसारिक कल्पनाले भेटने भन्दा पारी विशालतामा टुङ्गिन्छ।"

अनि ती जंगलकी परी मै निर आइन् र उसले आफ्ना सुगन्धित हात मेरा आँखा माथि राखिदिइन्। अनि जसै उनले हात झिकेकी थिइन् मैले आफूलाई त्यस न्याँसीमा एक्लै पाएँ। जब म शहरमा फर्कें, जसको गोलमालले मलाई कति प्रभावित पार्न सकेन, मैले उसका (त्यस परीका) शब्दहरू दोहोऱ्याएँ :—

"सौंदर्य त्यो हो जसले तिम्रो आत्मालाई तान्छ,
सौंदर्य त्यो हो जो दिन मन गर्छ लिन होइन।"

❀।❀।❀

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# जुँघा

लेखकः— श्री गणेश प्रसाद अधिकारी

काला जुँघा मर्दको सौन्दर्य हो
काला जुँघा पुरूषार्थको चिन्ह हो
काला जुँघा ओठ माथिको आभूषण हो
काला जुँघा पूर्ण वयस्कताको टडकारो छापा हो ।

काला जुँघा पराक्रमको झुप्पा हो
काला जुँघा फूर्तिको काँईयो हो
काला जुँघा निराशपनाको आधार हो
काला जुँघा भालेको रातो कल्की हो ।

यही काला जुँघा भित्र मान छ
यही काला जुँघा भित्र मर्यादा र रवाफको भण्डार छ
काला जुँघा हुन ढालदरवार
रातो ओठ माथि देखिन्छन् कराल ।

प्राचीन कालका ती वीर भए
कति लाउदा हुम ताउ, गए गए
लिएर गए यो भयंकर मूर्ति,
यदि वाँचिका भए कति गर्दा हुम फूर्ति ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हाय ती दिन विते विते
आजका पुरुषहरु सुते सुते
आजका पुरुषका जुँवा छैनन्
एकरीं सम्मको सङ्केत नै पाइदैनन् ।

आत्मनिन्दाको क्रूर छुरा लगाए
प्रकृतिको गहकिलो वरदानलाई सफाचट्ट पारे
अनि नारीको क्रिम पाउडर घसी घसी
जिब्रो जस्तो भसिनो पारे ।

यो वक्रसभ्यताको उँधोगति
उर्लिरहेछ विगार्न मति
आधुनिकतामा भूत सवार भई
ओठ माथिको मर्दपना आज गयो रोईरोई ।

यो मर्दको अपराध देख्ता
पुरुष जाति स्त्री जातिको
अनुकरणमा लागेका र
लाली ओठमा घसेको देख्ता

आँखा फुटाउं फुटाउं जस्तो लाग्यो र
कानका प्वाल छेड्रूँ छेड्रूँ जस्तो लाग्यो
के गरूँ । के गरूँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# साहित्यकारको कर्तव्य

हरिहर शास्त्री

साहित्यकार पनि त्यस्तै रहेछन् किनकि समस्यासमाधान गर्नु सट्टा बिना कामको सामाग्री जुटाउन खोज्दछन् । ह्मामीलेत यो विचार गर्नु पर्छ कि जीवन व्यापक वस्तु भएकोले उसको यथार्थता पक्डन मुस्किलै हुन्छ । यदि यस्तो विचार गरे साहित्यको हितकारी अंश खतरामा पर्ने हु दा साहित्यकारले व्यापकतालाई नलिइ देखेको कल्पनातिर मात्र लागेको हुनुपर्छ ।

साहित्यकार निर्जीव पदार्थ जस्तो होइन, उसले त अनन्त प्रवाहमा हितको एक एक कण केलाँउनु पर्छ । यदि साहित्यकारको अनुभूतिमय चेतनाबाट संतप्त प्राणीलाई तृप्तगर्न सकेमात्र साहित्यमा रुफलताको समाधान हुन्छ ।

यो मात्र सकिन्छ कि नैतिक उत्थान र साहित्यको पारस्परिक संवन्ध छ किन्तु साहित्यको काम समाजको नाङ्गो चित्र देखाउनुपनि होइन, वास्तवमा कलाको उत्पत्तिस्थान कल्पना र अनुभूतिमा संमिलित छ ।

कविले सदैव मानसिक चित्रहरूद्वारा समाज र संसारसित आफ्नो संबन्ध राखेको हुन्छ । मानसिक क्रियापनि तीन किसिमका हुन्छन् । १



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ज्ञान. २ भावना, ३ इच्छा। मनो विज्ञानको भनाई अमुसार यी तीनै जहिले पनि एउटा अर्को संग संबन्ध राख्तछन् । तथापि काव्य कलामा भावना शक्ति नै प्रधान छ ।

वास्तवमा कविता भावनाहरुको मधुरतम उज्यालो हो। जब विश्वको कोलाहलको प्रभाव कविलाई पर्छ अनि सबै उद्‌गार कवित्वमय हुन्छन् ।

कसैको भनाइमा कविता परिपूर्ण क्षणहरुको वाणी हो। विचारत हेर्दा हाम्रो भित्री प्रदेशको सूक्ष्माकाश नै संगीतमय छ । उसमा एक प्रकारको संपूर्णता तथा स्वरैक्य र संयम आउँछ। यस्तो क्षणहरुको सार्क कता रुखा तार्किकहरुको विधानमा मिल्दैन ।

जतिसुकै काव्यको संसारमा वाद-विवाद भए पनि मेरो विचारमा काव्य एक व्यापक सत्ता हो जसको स्थिति सबै वादमा हुन सक्तछ । अर्थात् धेरैको भनाइ यो छ कि कविता केवल शब्द जालको र अस्पष्ट भई व्यक्तिगत हुन्छ । किन्तु काव्यको विशेषताको यो संग संबन्ध छैन, यों केवल आफ्नो २ विचार हो ।

यो सत्य कुरा हो कि सबै मानिसहरुको अभिव्यञ्जना एउटै हुंदैन नत अनुभवको गंभीरता पनि एकै हुन्छ । परन्तु यो प्रबृत्ति मानिसहरुमा पाइन्छ। मानिस यही प्रवृत्तिको प्रेरणावाट ज्ञान र शक्तिको भण्डारको सृजन तथा सञ्चय र संवर्धन गर्दछ जसलाई हामी साहित्य भन्छौं ।

कविताको उत्पत्तिमा कैयौं कुराहरुको आधार अपेक्षित हुन्छ किन्तु यसको मूल आधार कविको व्यक्तित्व नै हुन्छ। दोस्रो शब्दमा यसलाई मौलिकता पनि भनिन्छ। वास्तवमा यस्ता कुरामा कल्पनाको कमनीयता नै हुन्छ जो स्वतन्त्र छ ।

अंग्रेजी साहित्य र काव्य कलाको उद्देश्य यस लोकको जीवनको समस्या सुल्झाउनु नै भएको छ। प्रायः सबै देशको विचार पनि यही हो।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



तर हाम्रो उद्देश्य चाहीं त्यो होइन हाम्रो उन्नति पार लौकिक पनि छ। यही कारणबाट प्राचीन नाटकहरूमा सुख, दुःखको भीषण प्रतिघात देखाइए पनि अन्त्यमा सुखकै चित्र खडा गरिएको छ ।

कविको काम त्यो हो कि उसले जो अनुभव गर्छ त्यसलाई कवितामा व्यक्त गर्छ । यस व्यक्ति करणमा प्रायः भेदहरु पनि होलान् किन्तु साहित्य मूल धाराबाट प्रकट हुन्छ नकि अभिव्यक्तिको ढंगमा ।

यसैले कवितामा विद्वत्ताको अपेक्षा कल्पना एवं अनुभूतिको प्रावल्य हुनु पर्छ । किनकि काव्य कलाकारको आफ्नो सृष्टि हो । यदि काव्यमा अनुकरण र सिध्दान्तको प्रतिपादन भार त्यसको कारण देश संसार तथा समयको प्रभाव हो ।

यो सबैले महसूस गरेकै कुरा हो कि काव्यको लक्ष्य सत्य, शिव, सुन्दर हो यसैले समालोचकहरुलाई पनि भन्न सकिन्छ कि आलोचकको कार्य-क्षीर विवेक हुनुपर्छ । मतलब यो हो कि आनन्द प्रत्येक प्राणीको प्रिय वस्तु हो र उसको स्थिति र उपलब्धीको लागि आलोचना अनिवार्य छ ।

तसर्थ साहित्यमा कुनै वादको उपासना हुनु सट्टा वास्तविक साहित्यको उपासना अपेक्षित हुनु पर्छ । खास गरी साहित्यलाई भावात्मक तथा आदर्शात्मक अभिव्यक्तिमा मान्नु पनि उचित हो ।

वस्तुत विचार गर्दा संसारको व्यावहारिकताको सहायक नै समाज हो । र साहित्य संसार तथा स्वर्ग दुबैको सन्धि सूत्र हो । यसैले समाजको गति, मन्द र साहित्यको गति तीव्र हुनु स्वाभाविकै छ । अर्को शब्दमा यो पनि भन्न सकिन्छ कि समाजमा अतीतको क्षीणाभास र वर्तमान रहन्छ भने साहित्यमा भविष्यको मनोरथ र संकल्प पनि रहन्छ ।

अत साहित्य उपवनको फूल हो । जस्तो फूलको सुगन्धलाई हावाले हामी कहाँ ल्याउँछ भने हामो साहित्यको किन टाढासम्म प्रचार र प्रसार नगरौं ?

+ ● +

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# म मुक्ति चाहन्छु

— पद्म ढकाल

एक नेपाली नव विवाहिता पत्नीलाई घर त्यागी भारत–सैन्य विभागमा भर्ती भई गोरखपुरबाट कलकत्ता, मलाया, आसाम, तेजपुर अनि नेफा ( उत्तर पूर्व सीमान्त अञ्चल ) मा जान्छ र त्यहाँ युध्द गर्दा गर्दै मृत्यु हुन्छ। उसले दश वर्ष तक आशामय–जीवन बिताइरहेकी प्रेयसीलाई घर त्यागेका दिनदेखि मृत्युसम्म न पत्र पठायो न त सम्झना नै गर्‍यो। मृत्युपछि त्यो सैनिक आत्माले शान्ति पाउँदैन र आफ्नी प्रेयसीलाई भेट्न चाहन्छ।

उत्तर पूर्व सीमान्त अञ्चलमा रातको वातावरण, हिउँको हुण्डरीमा हुत्तिँ एउटा नेपाली वीर चिच्याउँछ —

म मुक्ति चाहन्छु
म बाच्न चाहन्छु
हिउँको टाकुरामा हिमाली कात्रो ओडेर
चिर दिन म जड हुन चाहन्न।
हे महाकाल मलाई प्राण देऊ
मलाई दृष्टि देऊ
म मेरी मायालुलाई फेरि हेर्न चाहन्छु।

त्यो बिचरी मेरा निम्ति
मेरा प्रतीक्षामा होली
पोटिलो छातीभर
आशाको प्रतिमा
प्रतिष्ठा गरेर दिनरात
हे काल मलाई मुक्ति देऊन
स्पन्दनशील प्राण



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रमाइलो यौवन
आशालु जीवन
स्नेहमयीका निम्ति
हे महाकाल। मलाई फेरि देऊ।
ओठको लालिमा
कपोल रक्तिमा
हृदयको कोमलतामा
अनि
त्यो स्नेहमय नारीदृष्टिमा
के तिमीलाई माया लाग्दैन ?
के तिमीमा
दया र ममता छैन ?
मलाई जीवन देऊ हे काल।
नीरव निशाको निस्तब्धतामा
बसेर एक्लै
भन मन्दिरमा
जसले
आफ्नो प्राणप्रतिमको प्रतीक्षामा
एक एक गरी सहस्रौं रात वितायो
के ती देवीको आत्माका निम्ति
हे महाकाल
के यो पापले तिमीलाई छुँदैन ?
जल, स्थल, अन्तरीक्ष सबमा
दृष्टि सम्म तिनी
कल्पित छाया देख्तछिन् वारवार
परन्तु हे काल
म छु यो सीमान्तमा

मानव विहीन दीगन्तमा
हिम शैल शिखरमा
मृत्यु संग पौठे जोरी खेल्नमा
तोप, गोली र सङ्गीनका माझमा
(तुफान आउँछ, महाकालको आविर्भाव)
यो आर्तनाद किन ?
हे सैनिक राम वहादुर ?
म महाकाल हूं।
मुक्ति ?
कस्तो मुक्ति ?
के तिमी भौतिक शरीर चाहन्छौ ?
फेरि बाँच्न चाहन्छौ ?
प्रेयसीका निम्ति
तर-
किन तर महाकाल ?
पाप–पुण्यको विधान अनुसार
चित्रगुप्तको निर्णय अनुसार
यमराजको आदेश
तिमी यो हिम शिखरमा
हिउँको तुफानमा
हुलिदै लड्दै
जड भई
हिमाली कात्रो ओडेर
युग युग सम्म वस्नु पर्छ।
"पाप" फेरि यो के हो महाकाल ?
सम्झना गर
सैनिक रूप लिई



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



देश रक्षक भई
तिमीले अघि के के गरेनौ ?
रूपकी रानी
मायाविनीको ममता
स्नेह र अमूल्य अश्रु लाई लत्याएर
गोरखपुर
कलकत्ता, मलाया, आछाम र तेजपुर
आज —
कहां कहां घुम्दै कति वितायौं ?
हे वीर सैनिक ।
के एक दिन तिमीले
त्यो अन्तर्दाहमा पिल्सिएको प्राणका निम्ति
के सोच्यौ ?
तर–यता
त्यो आतुर अबला आत्माले
दशवर्ष सम्म
आंसु पिएर जीवन विताउँदा
सैनिक तिमी कहाँ थियौ ?
प्राण चाहिन्छ ?
भौतिक शरीर
तिमी जस्ता नीचलाई जीवन ?
के त्यो ढल्केको यौवन
त्यो वितेको जीवन
तिमी फर्काइ ल्याउन सक्छौ
मौन किन ?
बोल–निस्पंद किन ?
पापी तिमीलाई मुक्ति चाहिन्छ ?
पैसाका निम्ति
भोग विलासका निम्ति
कामांध भएर
पागल भई दौडने
तिमी जस्ता निष्ठुरका निम्ति
सजाको सीमा छैन ।
हे महाकाल ।
भविष्यमा
फुलेको फूल
फर्के को यौंबन
हँसिलो प्रकृतिलाई
उपेक्षा गर्ने छैन
मलाई जीवन देउ–महाकाल ।
मुहूर्त को निम्ति
म मेरी भयालु स्नेहीको हृदयलाई
शान्त्वना दिन चाहन्छु
मेरो छाँया चिरदिनको निम्ति
पृथ्वीमा छोड्न चाहन्छु
यो अशरीर आत्मा
शान्त गर्न चाहन्छु ।
यो मेरो कर्त्तव्य हो–महाकाल ।
मृत्यु पछि
यो कर्तव्य किन ?
उः कस्तो विचार ?
देशका निम्ति
प्राणको वाजी लगाई
गोलीको निशान भएर
भुतल रसातल र अन्तरिक्षको
कुना कुना सम्म दौडें



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF



कर्तव्यको आह्वानमा
निशाको पर्खाललाई तोडें
तर यत्रो कष्ट ?
हे निष्ठुर महाकाल
यौटा आत्मा
यौटा प्राण
दुइटा शरीर किन ?
पापका निम्ति
धर्मका निम्ति
अनि प्रायश्चितका निम्ति
कसरी ?
तिमीले जीवन वितायौ जसरी ?
परन्तु के मेरो मुक्ति छैन ?
छ !
कसरी ?
त्यो जीवन, त्यो यौवन, ती दशवर्ण

फर्काई प्रेयसीलाई दिनु पर्छ ।
अनि तिम्रो मुक्ति छ ।
फर्काउँ कसरी हे महाकाल ।
असम्भव, असम्भव ।
मुक्ति पनि असम्भव ।
पापको प्रायश्चित हुनै पर्छ ।
(तुफान आउँछ, महाकालको अंतर्ध्यान)
महाकाल ! महाकाल ।
म मुक्ति चाहन्छु
म फेरि बाँच्न चाहन्छु
म रूपकी रानीलाई भेट्न चाहन्छु ।
हे मृत्युहीन महाकाल
हेर त्यो पूर्वी आकाशको
नवीन सूर्योदय, नवीन अरुणोदय,
म नवीन जन्म चाहन्छु ।

(यत्तिकैमा पूर्व आकाशमा- उज्यालो हुन्छ अनि रामबहादुरको आत्मा पनि शून्यतामा विलीन हुन्छ)

यथार्थले हाम्रो आँखा खोलि दिन्छ भने आदर्शले हामीलाई कुनै मनोरम प्रदेशमा पुऱ्याउँछ ।

— प्रेमचन्द



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# अपराधी को ?

— गीता 'केशरी"

करीव साँझको ६ वजेको होला कृष्णवहादुरको घरमा हल्ल खल्ल वढ्न थाल्यो । टोलमा हाहाकार मच्चियो। कठै र चूँ चूँ को आवाज चारै- तिरबाट सुनिन थाल्यो । त्यस्तैमा पुलिसहरू आइपुगे। छानबिन र सोध- पूछ हुन थाल्यो । अनि वातावरणले अघोर रूप धारणा गर्‍यो । पुलिसहरूले एक एक कुरा निहारी घटना स्थलको बयान लेख्न थाले। विषको पुरिया- लाई होसियार साथ राखियो। तर यी सवको कृष्ण वहादुरलाई केही मूल्य लागेको थिएन । किनभने अमूल्यले उसलाई पहिलेनै छोडिसकेको थियो । उता शोभा यी सवदेखि कहिले कहिले तसन्थिन् । तर तिनी अव के गर्न सक्दथिन् र ? समय अगिनै वितिसकेको थियो । खालि अतास र चिन्ताको मिश्रित रूपमा उनी एक कुनामा झोक्राएर बसिरहेकी थिइन् । उनका दुवै नजर कहिले कृष्णवहादुर माथि कहिले सेतो कपडाले छोपिएको लासमा घुमिरहेका थिए । दर्शकहरूको वादविवादले गर्दा बीच बीचमा शोभा किनहो कुन्नि कान ठाडो पार्दथिइन् । को जान्ने उनको मनले उनी संग के के कुरा सोधिरहेको थियो। उनी के सोची जिल्ल थिइन् । यता कृष्ण बहादुर अकस्मात् बज्रन गएको खड्ग प्रहारको वेदना सहन नसकी भनौं वा विश्वास घातले भनौं जलेर राता काला भएका थिए। उनका दुवै नयन आपुले रसा- एका थिए र पश्चात्तापले उनी आफैलाई अपराधी सम्झी अगाडि खडा थिए ।

कृष्ण वहादुरको जीवन फेरि उही मोडमा आई अडियो । जसलाई



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



छल्न उनले एक दौड लिएका थिए । करीब ६ वर्ष अघि उनी साँच्चिकै सुखी थिए। उनको घर थियो, आमा थिइन्, दुलही थिइन् र आफू जागीरे थिए। उनी आफ्नो गृहस्थी देखी रद्द थिए, किन कि उनकी दुलही असल र उच्च शील स्वभावकी थिइन् । उनीहरूको दाम्पत्य जीवन एक नमूना स्वरूप थियो। तर त्यो सुखद जीवनले उनलाई खालि एक सपना देखाई बित्यो। कृष्ण वहादुर सदाको लागि दुःखीको दुःखीनै रहे ।

कृष्णवहादुरको जाहानले एक सानो बालकको जन्मको साथ साथ आफ्नो जीवनको अन्त्य गरेकी थिइन्। तसर्थं त्यो बालक उनको लागि बहुमूल्य पुरस्कार थियो, पूर्वस्मृतिको लागि एक बाटो थियो। उनी त्यस कारण त्यो नव शिशुलाई हृदयमा पुज्दथे, उसको सुखमा मात्र उनी आफूलाई आनन्दी सम्झन्थे। यिनै कुराले गर्दा कृष्णवहादुर अर्को विवाहको प्रस्ताव घृणित ठान्दथे। उनी संझन्थे "अर्को विवाह गर्नु त्यो बालकको हत्या गर्नु हो । तर मनुष्य जीवनमा मानवभावना भन्दा वलियो परिस्थितिको जोड हुदो रहेछ । त्यसैले उनी पनि यसको जकडवाट वच्न सकेनन् र बिचारालाई अर्को विवाह गर्न करै लाग्यो । किनकि त्यस बखत उनको आमाले पनि वालकको भार सुम्पी यस संसारदेखि विदा भइन्। अनि त्यस सुन्सान चावहिलको छेउको घरमा चारवर्षको वालकलाई मात्र दिनभर छोडन योग्य हुदैन थियो। यदि न छोडी घरै वसे पेट पूजा गर्न मुस्कील पर्दथ्यो। यसप्रकार प्रेम र आवश्यकताको डोरीले कृष्ण वहादुरलाई कस्काउँदै ल्याएको थियो। यसबाट फुल्कनको लागि फेरि उनले विवाह गरे।

शोभा शिक्षित युवति थिइन्। त्यसैले कृष्ण वहादुरले आफ्नो आशाको स्वरूप तिनीमा कामना गरे। घर सुम्पिदिए र एक सुखद वितेको जीवनको टुक्रा उनीमा गासिदिने प्रयत्न गर्न थाले। भारी बिसाएर छहारीमा लामो सुस्केरा हालेका वटुवाझै कृष्ण वहादुरले पनि शोभालाई पाई लामो श्वास फेरे। एक बाजि फेरि मुस्कुराएर जीवन भर यसरीनै मुस्कुराउने आशा गरे । तर अपशोच ? चाडैनै तिनको त्यो मुस्कुराहटले क्षणिक रूप धारण



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



गऱ्यो । कृष्णवहादुरले जीवनमा हाँसोको सट्टा आँसु पाए ।

कृष्णवहादरलाई पहिलेत शोभा प्रति विश्वास थिएन, खालि आशा थियो । त्यसैले उनी भनि रहन्थे "शोभा ! माछाले माछालाई निल्ने झैं गरी त्रिन्ति मेरो मायालाई ननील है" । शोभालाई यो कथन मन पर्दैनथ्यो र यस्तो भनाईमा सधै रिसाउँथी । तर कृष्ण वहादुरले त्यस रिसलाई हाँसोले मेटाइदिन्थे ।

यस रीतले महीना वित्यो वर्ष वित्यो । अङ्गूल्य पनि आठ पुगो नौं वर्षमा प्रवेश गऱ्यो । त्यस वेलासम्म कृष्ण वहादुरको शोभा प्रति विश्वास भइ सकेको थियो । उनी भन्दथे जीवनको जटील समस्या हल गर्न कुनै गाह्रो रहनेछ, मानवको सह्यार मानिसलेनै गर्दो रहेछ । खालि हामीमा विश्वासको कमि रहेछ । मैले जीवन अमूल्य पाएँ भनी उनी प्रशन्न थिए ।

तर को जान्ने अमूल्यको जीवनपथमा के के घटेको थियो । यदि मानवको हृदयमा ईर्ष्याको झतक न हुदोहोता सायद कृष्ण वहादुर जस्ता सिधा व्यक्तिको कामना पुग्ने थियो, उनको भनाई ठीक हुने थियो र उनी साच्चिकै परमसुखो हुनेथिए होला तर मानव हृदय शुद्ध छैन । स्वार्थ र इर्ष्याको भावनामा रङ्गिमङ्गएको छ त्यसैले मानिस आफ्नो स्वार्थ हासिल गर्न को के बन्न सक्छ को के गर्न सक्दछ, त्यो न हामीलाई थाहा हुन्छ, न त तपाईलाई । कृष्ण वहादुर जस्तालाई के थाहा ? । को उसको अगाडि अमूल्यको चिन्तना गर्ने । शोभा अमूल्यको विपरीत थिइन ।

शोभा कृष्ण वहादुरको लागि एक योग्य स्त्री जरूर थिइन् तर अमूल्यकी आमा थिइनन्, र यो शोभाको दोप थिएन पनि । यो दोष थियोत समस्त मानव जातको, हाम्रो समाजको । यदि समाजमा सौतेली नाताले कोही पनि परिचित न भै दिएको भए शायद शोभा पनि अमूल्यकी आमा हुने थिइन होला तर अव तीनले कसरी देख्न सक्थिन, त्यस वालकको उज्वल



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भविष्य जब उनको आँखामा स्वार्थको कालो चस्मा लागि सकेको थियो।

शोभा एक सफल अभिनेत्री थिइन। कृष्ण वहादुरको शङ्कालाई उनले आफ्नो लोलो पोतोले मेटाइदिएकी थिइन्। त्यसैले उनी बालकलाई आमा दिएँ भनी अमूल्य प्रति निर्धक्क थिए। तर बालक भने डर, भोक र वेस्याहारले गर्दा आतिएको मूसो झैं भइ सकेको थियो। खानलाई बेहान र बेलुका बाहेक अरू केही मिल्दैन थियो। त्यस बीचमा वढी भोकको उच्चारण भए अग्नि अगाडिको झार पात झैं हुनु पर्दथ्यो। कहाँ ? त्यो बाल्यावस्थामा कसलाई खेल्न मन नलाग्ला तर सो पनि उ बेफुर्सदीवश पाउँदैन थियो। बावुको काखमा लाडे पल्टेर केही कुरा बताए दिउँसो ओखलको चिउराझैं हुनु पर्दथ्यो। यस प्रकार अमूल्यको जीवन बित्दै गयो।

उता शोभाको अमूल्य प्रतिको यस्तो व्यवहारले गाउँ घरमा चर्चाको रूप धारण गरिसकेको थियो। कृष्ण वहादुरका साथीहरूले पनि थाहा पाइसकेका थिए। तर उनीहरू सब चूप थिए। किनभने उनीहरूलाई विश्वास थियो कृष्ण बहादुरले आफ्नी शोभालाई त्यस्ती सर्पिणीको रूपमा कल्पनै गर्न सक्तैन थियो। उनको शोभा प्रति अगाध विश्वास थियो उनीहरूले आधार विहीन यस प्रकारको विश्वास लिएर मौन रहनाले एक निर्दोष बालकको हत्या भयो। सब अपराधी भए। कृष्ण बहादुरले फेरि जीवनमा एक ठूलो थपड पाए।

पुलिसहरुको जाँचवुझ, गाउँ घरको बयान, कृष्ण वहादुरका साथीहरुको र कृष्ण वहादुर आफैको शंकाले शोभालाई हत्याको आरोप लगाइयो। शोभा एक ज्यानमारा कैदी भई।

आज शोभाले थाहापाईन् डाह र रिसको परिणाम के मिल्दो रहेछ। उनीले आफू दोषी होइन भन्ने प्रमाणित गर्छु भनी कति कोशिश गरिन, तर कसले पत्याउने कसले होइन भन्ने र ? उनी रुन्थिन्, कराउंथिन्,



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चिच्याउँथिन् तर सबै उनको यस्तो अवस्थादेखि सहानुभूतिको वदला झन् हाँस्दथे । शोभाले लाचार भएर केही भन्न पनि छोडिसकेकी थिइन् । उनले पनि परिस्थितिवश आफूलाई अपराधीको रूपमा देख्न थालिसकेकी थिइन् । उनी आफूलाई धिक्कार्दै थिइन्, के गरेंछु भनी पछुताउँदै थिइन् । यदि यस वखत अमूल्य जीवित भइदिएको भए उनी कतिवाजी उसलाई चुम्बन गर्थिन् होला, आफ्नो वेदना पोख्ने थिइन् होला, मेरो छोरा रू[illegible] काखमा लिएर कति अलाप्ने थिइन् होला, तर अव तिनी के गरून्, समयले उनीलाई विदा गरिसकेको थियो ।

मुद्दा अदालतमा पेश गरियो । यसको साथ साथ पुलिसको रिपोर्ट, फिङ्गरप्रिन्टको तसवीर, विषको पुरिया र पोष्टमर्टमको वयान पनि थियो । एक तरफ शोभा कैदीको रूपमा खडा थिइन् । यतातिर कृष्ण बहादुर फैसला सुन्न उत्सुक थिए । शोभालाई प्रश्न सोधिन थालियो । रिपोर्टको एक एक कुरामा वाद विवाद हुन थाल्यो । कैदीको तरफबाट वयान मागियो । शोभा भन्दै गइन् श्रीमन् मेरो तरफबाट अधिक तपाईहरूलाई भन्नु केही छैन, किनभने कानून तपाईहरूको साथमा छ । इन्साफ हामी दुवैलाई समान रूपले हुनु पर्छ । खालि म फेरि पनि उही कुरा दोहऱ्याउँदछु, जुन कुरा म सुरू देखि भन्दै आएकी छु । मैले अमूल्यको हत्या गरेकी छैन । यदि तपाईंहरू पनि मलाईनै अपराधी संझनु हुन्छ भने म तपाईहरूको समक्ष छु र सजायको भागी बन्न तैयार छु । मलाई पनि यस्तै हो भने यस संसारमा बाँच्ने कुनै रहर छैन र भन्ने छु मैले अमूल्यको हत्या गरेकी हूँ ।

यस्तो वयानले अदालतमा एकछिन सन्नाटा छायो । सवमा शंका उठन थाल्यो । वकीलहरू आफ्नो पक्ष र विपक्षमा वयान दिन तयार भए । उनीहरू भन्दै गए श्रीमन् ! मलाई शोभा प्रति पूर्ण शंका छ, किन भने विषको पुरियामा शोभा र अमूल्यको औंलाको छाप बाहेक अरू कसैको छैन । किनेर ल्याउने पनि शोभानै थिइन् मूसामारी अलिकति बचाएर राख्ने पनि उनीनै हुन् । यसबाट म अदालतमा यही वयान गर्दछु कि शोभाको अमूल्यलाई मार्ने



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पहिले देखिनै इरादा हुनु पर्छ।

उसको यस्तो बयान सुनी अर्को वकीलले आफ्नो पक्षबाट बोल्न शुरू गर्‍यो। श्रीमन् ! हुन सक्छ शोभा यो केसमा सहमत छिन्। उनीनै अपराधिनी न् तैपनि हामीले यसतर्फ पूरा विचार गरी फैसला गर्नु पर्छ। किनभने हामीले कैयौं बाजि यस्ता केस पाएका छौं जसमा परिस्थितिवश कोही कैदी पनि आएकाछन्। हाम्रो कर्तव्य निर्दोषलाई सजाय दिने होइन, किन्तु अपराधी पत्ता लगाई सजाय दिने हो। कैदीको बयानले मलाई उनी प्रति केही शंका छ।

पहिलो वकीलले फेरि आफ्नो वयान शुरू गर्न थाल्यो। श्रीमन् ! हात आएको अपराधीलाई छोडी अर्कोको खोजमा लाग्नु मलाई आफ्नो परिधिदेखि पर लाग्दछ। पुलिसको रिपोर्टलाई हामी इन्कार गर्न सक्तैनौं। शोभाको अमूल्य प्रतिको पहिलो व्यवहार र कृष्ण बहादुरलाई छक्याउने बानीबाट यही साबित हुन्छ कि शोभा यस अदालतलाई पनि धोका दिने कोशीशमा छिन्। मलाई लाग्दछ, अमूल्यलाई झुक्याएर विष खुवाई अमूल्य लेनै खाएझैं पार्न उनको औंलाको छाप विषमा लगाई बालकको अगाडि राखिदिइन्। त्यसैले म भन्दछु, शोभाले कानून अनुसारको सजाय अवश्य पाउनै पर्छ।

शोभा यो सुनी फेरि आफ्नो वयान दिन थालिन्। श्रीमन् ! म फेरि अदालतमा आफ्नो वयान दिन चाहन्छु। चाहे तपाई मलाई जे संझनोस् किनभने मैले भूल गरेर जो गरें त्यस प्रति म आफै पनि घृणित छु, तर तैपनि म भन्दछु, आखीर ममा पनि त आमाको दिल छ। म उसलाई भोकभोकै राख्न सक्तछु, पिट्न सक्तछु, दुःख दिन सक्छु तर मारिहाल्न सायद मुस्किलै होला किनभने त्यस बालक प्रति माया न भए पनि कानूनको डर छ, इज्जतको डर छ। मैले अमूल्यलाई दुःख दिएँ भनी सबैले देखे तर कसैले पनि मलाई सोधेनन। किन दुःख दिएँ, किन मैले पिट्दथें र किन मैले



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



उसलाई भोकै राख्दथें। हुन सक्छ यस्तो गर्नु मेरो भूल थियो र त्यसैले गर्दा उ यस्तो बन्यो। वास्तवमा उ चोर थियो, फटाहा थियो र अल्छी थियो। म सौतेनी आमा भएँ उ सौतेली छोरो भयो। यसैले दुनियाले सम्झे मैले उसलाई दुःख दिएं, र मारि पनि दिएं। तर म सांच्चि भन्दछु, त्यस दिन म बाहिर साथीकहां गएकी थिएं। अमूल्य घरमा एक्लै थियो। मेरो साथी मेरो जहानलाई मन पर्दैनथ्यो तर उनी मेरो दुःख र सुखको कुरा गर्ने बाटो थिइन्। उनीकहां गए वहाले मलाई सारै गाली गर्नु हुन्थ्यो। त्यसैले मैले केही बताएकी थिइन।

अफिस छुटेपछि वहाँ घर आउनु भयो र सधैंको झैं त्यस दिनपनि अमूल्यलाई खोज्नु भयो। यताउति खोजे पछि अमूल्यलाई बोलाउंदै माथिल्लो कोठामा जानु भएछ। त्यस कोठामा अमूल्यको लास पडिरहेको रहेछ। वहाँ त्यो देखी अकस्मात् संग हतासको साथ चिच्याउनु भयो। त्यस बखत म लुगा धुदै थिएँ। सांझ पर्न आँटिसकेको थियो, त्यसैले वहाँको त्यस्तो चिच्याहट सुनेर पनि म उठिन र लुगा धुदैनै रहें। एक छिन पछिं वहाँ तल आउनु भयो र मलाई धिक्कारदै अमूल्यको मृत्युको दोष दिंदै गाली गर्न लाग्नु भयो। त्यस पछि म आत्तिएर एकदम माथि पुगें र देखें अमूल्यको लास।

म आफै जिल्ल परे अगाडि विषको पुरिया थियो त्यो मैले उचाली हेरें त्यो साच्चिनै मूसा मार्ने विष थियो। यत्तिकैमा धुइंचो बढन थाल्यो, पुलिसहरू आए। सबैले मलाई दोषी आँखाले हेरे। म वाल्ल परें। यही हो मेरो अन्तिम बयान मेरो यसबाहेक अरू केही भन्नु छैन। अब खालि छिट्टै फैसला चाहन्छु। शोभाको बयानको साथै त्यस दिनको बैठक भोलिको लागि स्थकित गरियो। सबै जना शंकाको साथ घर फर्के।

भोलि पल्ट पुलिसहरू शोभाकी साथीको खोजमा गए। उनीं टाढाबाट आफ्नो खोजमा आएका पुलिसहरू देखी लुकिन् र नोकर्नीलाई छैन भन्न



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सिकाइन्। तर पुलिसहरूले ज्यादै ढिपि गरी कुरिरहेको देखी झर्किंदै आइन्। भोली पल्टको अदालतको बैठक बस्ता कामिनी पनि थिइन् । उनीलाइ प्रश्नहरू सोधिन थालियो। उनी प्रत्येक प्रश्नको जवाफ दिंदा रिसाउंदथिइन्। उनीराती काली भै सकेकी थिइन्। उनको मुखमा थूक सुवतै थियो। यसले गर्दा अदालतमा पूरा शङ्का ल्याई सकेको थियो। उनी भन्दै थिइन, शोभा मेरो घरमा ११ वजे देखी ४ बजे संम थिइन्। त्यसपछि उनी घर गइन् र मैलेनै मेरो घरवाट देखेकी थिएँ उनी लुगा धुदै थिइन् । मलाई यस विषयमा अरू केही थाहा छैन। म अव आफ्नो घर जान चाहन्छु, विदा दिनोस् । तर अदालतले उनलाई छोडेन । कृष्णवहादुर संग पनि कामिनीको वारेमा वयान सोधियो, उनले जवाफ दिए कामिनी मेरा छिमेककी एक केटी हो। उनी र म दौंतरीनै थियौं। तर वीचमा हामीमा फुट हुन गयो। यो कसरी भयो भने एक अर्काको जीवनको सवालले। जब मेरी पहिलेको जहानले मलाई छोडी त्यस पछि मेरो आमाले मेरो विवाह कामिनी संग गर्ने निश्चय गर्न आँटनु भयो। तर मैले त्यो प्रस्तावलाई नामञ्जुर गरें । किनभने मैले संझेको थिए मेरो अमूल्यले त्यो स्नेह उनीवाट पाउन सक्दैन। जसको लागि मैले मेरो सिध्दान्त सर्भत तोड्नु पर्छ। उता कामिनीले मलाई अपनाइ छन् क्यार ?। म प्रति उनको प्रेम वसेछ। उनले म संग त्यसैले प्रेम पत्रको व्यवहार चाहिन् तर मलाई भने यस्तो उच्छिङ्खलपना मन परेन र मैले पत्रहरू उनको वावुलाई बुझाइदिएँ र एक टोले दाजुको नाताले उनी प्रति अलिक ख्याल गर्नु होला भनी वताइ दिए। त्यस पछि कामिनीले निकै दुःख पाई। एक दिन उनको र मेरो वाटामा भेट भयो । त्यस वखत साँझ परिसकेको थियो। उनी छिटो छिटो पाइला म तिर सार्दै आइन् निकै नजिकै आएपछि उनले म संग वदला लिने धंकी दिइन्। मैले यसको परवाह गरिन । खालि मुखले मात्र भने, हुन्छ यदि तपाई सक्नु हुन्छ भने लिनोस् । उनी त्यसपछि हेर्नोस् सक्छु कि सक्तिन भनी लम्किइन । त्यसको अलिक महीना पछि मेरो शोभा संग विवाह भयो। कामिनीले शोभालाई हात लिई म संग वदला लिने प्रयत्न गर्न थाली। शोभा पनि उनी प्रति आकर्शित हुदै थिइन् । त्यसैले म शोभालाई कामिनी



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कहाँ जान बन्द गर्न रिसाउदथे ।

कृष्णवहादुरले जति जति आफ्नो वयान दिंदै गए· कामिनीको चेहरा रिसले भनु या लाजले भनु कहिले कालो कहिले रातो, कहिले पहेंलो भई क्षण क्षणमा वदलिंदै थियो । निर्लज्ज भनी उ बीच बीचमा उठ्त थिइन्, फेरि के के सोची थचक्कै हुन्थिन् । उनी कहाल्ली सकेकी थिइन् । तर पनि बीच बीचमा भन्दै थिइन्, अपराधी तपाईहरू मलाई के गर्न चाहनु हुन्छ ?

कामिनीको वयान पछि अदालत शोभा संग प्रश्न सोध्न थाल्यो ११ र ४ वजे भित्र कामिनी तपाईलाई छोडी कहीं गइको गइन ? किनभने अमूल्यको हत्या १२ देखि तीन संमको बीचमा भएको थियो भनी पोष्टमर्टमको रिपोर्ट थियो अदालतको अकस्मात् यस्तो प्रश्न सुनी शोभा संझन लागी, कामिनी फोन गर्न जान्छु भनी आधा घण्टाजति बाहिर गएकी र यही वयान अदालतमा बताइदिई ।

यी सव कुराले गर्दा अदालतको दुवै शोभा र कामिनी प्रति सक हुन थाल्यो । ती दुईको पक्ष र विपक्षमा धेरै वहस भए । धुरन्धरको वाद विवाद सोध पुछ हुन थाल्यो । उनीहरूलाई ठोस निर्णयमा पुग्न मुस्किल परिरहेको थियो । यत्तिकैमा त्यो भिडन्त वातावरणलाई शान्तितिर लम्काउदै एक बूढो मानिस तिनीहरूको समक्ष देखा पऱ्यो । सवको ध्यान त्यो आइरहेको व्यक्ति प्रति खिचियो । त्यसैले सव चूप लागे । बूढो अघि बढ्दै वकीलहरूको सामुन्ने आइ पुग्यो र खोक्रिलाबाट एक सानो पुस्तिका झिकी टेबुलमाथि राखिदियो । लाग्दथ्यो त्यो पुस्तिका कसैको डायरी थियो । वकीलहरूले त्यसबारे बूढा संग सोधे । तर उसले खालि पढनोस् भनी सङ्केत गऱ्यो । अनि सवले त्यो पढेर सोधे । ज्योति तपाईको को हुनु हुन्छ र वहाँ कहाँ हुनु हुन्छ ? अदालत तिनीलाई खोज्दछ । बूढोले यो प्रश्न सुनी रून्चे स्वरमा भन्यो–मलाई यो कुरा तपाईहरूलाई बताउदा अफशोच छ कि उ मेरी छोरी अस्ति राती हैजाको महामारीले गर्दा गई ? फेरि न फर्कने वाटो लागी । मर्दा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खेरी उनलाई खालि यो कितावको फिक्रि थियो। उनीले तपाईहरूलाई दिनु भनेकी थिइन् । त्यसैले म उनको अन्तिम अभिलाषा लिई आएको छु। अब म जान्छु। भनी ऊ फेरि त्यो शून्य वातावरणलाई चिर्दै गयो।

त्यसमा लेखिएको थियो। दिउंसो एक वजे तिर जव मैले कामिनीको फोन पाए तेसपछि म उनको घरमा भेट्न भनी गए। मलाई उनको घर थाहा थिएन, त्यसैले सोध्दै गए। एक स्वास्नी मान्छेले टाडावाटनै उ त्यो हो भनी वताई दिई। म उसले औंल्याएको घर यै हो भनी सरासर माथि पुगे, तर त्यो घर शून्य थियो। त्यहा नत कामिनी थिइन्, नत शोभा। त्यस पछि म छिट छिटो तल ओर्लिन थाले। त्यसै वखत मैले एक अनौठो चित्कार सुने। कोठाको ढोका खोली हेरे, देखे एक सानो केटो रातो रातो भुख लगाई चिच्याइ रहेको। उसको जिभ्रो लरबरिएको थियो अनि छट पटाइ रहेको पनि; मैले त्यो देखी के भो भनी झटपट उसलाई सोधे। केटाले खालि पुडी·याको हरियो धूलोलाई देखाउदै पाचक भन्यो। मलाई त्यो दृश्य देखि सारै डर लाग्यो र झटपट तल उत्रे। कामिनीको घर संम पुग्दा पनि मलाई डर लाग्दै थियो। त्यसैले उनीहरूलाई तलै डाकी भेटे। कामिनी शोभा दुवै आए। उनीहरूलाई मैले केही वताइन, तर छिटै घर फर्के। मलाई डर र शंका लागिरहेको थियो। कसैले मलाई त्यो घरवाट निस्केको देखेको भए के गर्ने ?

त्यस रात मलाई निद्रा आएन। खालि उही दृश्य आँखा अगाडि आउन थाल्यो, उही शब्द सुनिन थाल्यो। छट पट छट पट गरी रात विताए। भोलिपल्टको अखवार पढ्दा झन मलाइं डर लाग्यो। त्यो केटाको मृत्यु भएछ र हत्याराको रूपमा शोभा पक्रिइछ। मलाइं यो पड्दा अहिल्यै उठेर जाउ र निर्दोष शोभालाइं छुटाउने कोशीश गरूँ झैं लाग्यो। तर त्यसो गर्न सकिन। किन सकिन ? मलाइनै आश्चर्य लाग्यो। यो मेरो ठूलो भूल अवश्य थियो तर के गरूँ म आफैं विवस छु। त्यसको अन्त्यमा लेखिएको थियो 'ज्योति'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# वसन्त कविको परिचय र भ्रम निवारण

प्रा० हरिनाथ उपाध्याय ढुङ्गेल

"पुराना कवि र कविता" नामक इतिहास शिरोमणि बाबुराम आचार्यद्वारा लिखित ने.भा.प्र. समितिद्वारा प्रकाशित पुस्तकको तेस्रो परिच्छेदको ४३,४५ पृष्ठमा कृष्ण चरित्रका लेखक 'वसन्त' कविको परिचयको विषयमा इतिहास शिरोमणिजीले गर्नु भएको तर्क सर्वात्मना सत्यता देखि ज्यादै पर पुगेको छ र आकाशको पाताल फरक पर्न गएको छ।

उहाँले लेख्नु भएको रहेछः- "यिनले आफ्ना वास स्थलका विषयमा जो पद्य श्री कृष्ण चरित्रमा दिएका छन्, त्यो छापाखानाका गल्तीले अशुध्द छापिएको बुझिन्छ। छापिए अनुसारको पद्य यो छः-

पश्चिम् वागमती पवित्र यमुना पूर्वे दिशा वासुकि
दक्षिण चन्द्रगिरि हिमालय महाँ औताह लीया हरि।
उत्तर् हेमगिरी त पर्वत बन्यो उत्पन्न इन्द्रावती
श्री ब्रम्हायणी माइका शरणमा श्रीकृष्ण लीला इति" ॥

यस श्लोकमा इतिहास शिरोमणिजीले यसरी तर्क गर्नु भएको छः- "शायद कविले कौशिकी लेखेका थिए, छापाखानाका भूलले वासुकी भएको



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



होला"। भनी यथार्थताई फेला पार्न नसकेको तर्क गरी हेमगिरि शब्दको अर्थ पनि गोसाइँ थानको पहाड देखिन्छ, भन्ने भ्रममाथि अर्को भ्रम गरी "सिपा सिन्धुतिर यिनको जन्मभूमी भएको अनुमान हुन्छ" भनी वसन्त कविको परिचय दिनु भएको रहेछ।

यसमा छापाखानाको भूल छैन, आचार्यजीको तर्कमानै भूल छ। वसन्त कविलाई देख्ने चिन्हे मानिस केही वर्ष अगाडिसंम पनि जीवितै थिए। वसन्त कविको घरदेखि नजीकै पूर्वपट्टि सूर्यविनायक बनको शिखरमा 'वासुकि' को विशाल शिला मूर्ति स्थापना गरिएको छ, त्यो ज्यादै पुरानो हो र दर्शन पूजा आदि पनि चलि रहेकै छ। उनको घरदेखि उत्तरपट्टि डाँडाको शिखरमा 'स्वर्णशृङ्गेश्वर' महादेवको विशाल शिलामय लिङ्ग छ,

अतः त्यसलाई हिमगिरि भनिएको हो। यिनको जन्म वि.सं. १८६० तिर भक्तपुर कटुञ्जयमा भएको हो। यिनका पिताको नाम पं. परमानन्द लुइँतेल हो, परमानन्द सुयोग्य पण्डित थिए रे। परमानन्दका दुई छोरा थिए। जेठा यी नै 'वसन्त हुन, कान्छाको नाम पद्मनाभ हो। वसन्त सारस्वत ब्याकरण र रघु लघुः आदि पनि पढाउन सक्ने पण्डित थिए तापनि पुराण भन्दा चाहिं धक मान्ने र जनरञ्जन गर्न नसक्ने प्रकृतिका थिए रे। वहाँको हस्ताक्षरको पुस्तकहरू म संग छ। उनका चार छोरा थिए, साहिलाको नाम वामदेव हो। अब चारै भाइका सन्तान कोही छैनन्। घरमा धर्मपुत्र पालेको छ। वसन्तका भाइ पद्मनाभ लुइँटेल पनि योग्य पण्डित थिए रे। पद्मनाभका कान्छा छोराको नाम पं. धर्मानन्द लुइँटेल हो। उहाँ पनि योग्य पण्डित हुनु हुन्थ्यो, परलोक भएको धेरै वर्ष भएको छैन। उहाँका कान्छा छोरा पं. बद्रीनाथ लुइँटेल पुरानै घड़ेरीमा अद्यावधि छँदैछन्।

वसन्तको बारेमा गाउँका बूढापाकाहरूबाट मैले अरू धेरै कुरा सुनेको छु र मेरा पिताजीबाटै पनि केही कुरा सुनेको थिएँ। उनका फुटकर कविता पनि सुनेको थिएँ। विशेष उनका वंशजबाट थाह हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# चिता

— सुश्री विन्दु कोइराला

जीवन तँ जुहारत होइनस्
होस्–केवल एक धुलाको कण
तेरो अन्त कहीं आश्रय छैन
केवल एक चिताको वक्षस्थल बीच,
चिताले तेरो स्वागत गर्ला
निर्दयी समाजले तँमा सजाय दिला,
मौनतामा तँ रहे पनि,
प्रेमीले तँ माथि प्रेम वर्षाउला;
तैले संसार भुले पनि
कण बनी हवामा उडे पनि
तस्वीर तेरो मेटिने छैन
छाँयामा हाँसी रहने गरी,
जीवन तँ त्यसलाई चुम्बन गर्छस्
हुन त तेरो आधारभूत उही
तर निर्दयी घिनलाग्दो त्यो चितालाई
हाय ? पूजा गर्नु तैंले प्रेमी बुझी,

प्रेमीको हृदय कोमल हुन्छ
तर निस्कन्छ उसबाट हाहाकार
उसको रजाइ सर्वत्र रहंदा
हामी स्वतः भयौ कारागार
साँझ विहान दिनरात नभनी
उसको आह्वानमा उपस्थित हुंदै
जीवन ! तँ चितामा दन् दन् बलेको देख्ता,
ममा कम्पन त्रास र निराशको बांध फुट्छ,
जीवन, तेरो तार किन अति झिनो
स्पर्श विना स्वतः टुका बन्छ.
चेतन रहेसम्म तँ गर्व नै गर्लास्
तर जीवन तेरो स्थानको लागि खाडल अवश्य बन्छ ।
भयानक चिताको मध्यवक्षमा
जीवन तैंले होमिएर विभूत बन्नै पर्छ
अन्धकार सुनसान रात्रि भए पनि
तैंले त्यहाँ सहसा जाने पर्छ ।।

— ⁂ —



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# " आत्मा साची "

— गवश

अमृत शमशेर

कुरा सुन्दा–सुन्दै बखर्तसिंहले अर्को तीनपल्ट शरीरको झस्काले आफूलाई पीडित सावित गरायो । मंडलीमा मुद्दा–मामिलाका अनुभवहरूको चर्चा चलिरहेको थियो । बखतसिंह घरी–घरी झस्किन थाल्यो ।

अंग्रेजको पछि लागें, हिन्दूस्थानेको कजाइ खपें, जमंनी धाएं, बर्मा धाएं, बीस बाली जागिर खाएं, कतिलाई देखें, आफ्नो असी वर्षको थोत्रो जिउ भइसक्यो, तापनि ह्याउ भने झन अझ उस्तै छ । मेरो आफ्नै छोरा बखतेको झैं बानीबेहोरा त अरू कसैको पनि देखिन । पहिले गरिदिएको बिहेबाट सन्तान भएन, बीसैको उमेरमा अर्को दोस्रो बिहे गरिदिएं, छोरो पायो । अझै पनि यस्को मति मात्र हैन, हुती पनि अधमराको जस्तो छ, लौ ।

पहले बुढाले आफ्नै घरका कुरा उप्काउन थाले । छिमेकीहरू भने, यौटै जहानिया कुरा मन परेन र एकेक गरी अ आफ्ना घरतिर लागे । बखतसिंह फेरि त्यत्तिकै अलिकति जिउ कंपाउन समेत थाल्यो । यो व्यथा पहिले पनि बुझ्न चाहन्थे । उः फेरि शुरू गरिस् ए तैंलेत काम्न कुन दशाले त कहाँ बौसी धकेलिदिएछ हो । खानै नपाएको पनि यो–रोगी जस्तो सिट्ठन भै सक्यो । गुन्द्र गानाको झोल खाइस् ?



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खाएं, निकै खाइसकें, तैपनि... ... ।
के भोक जागेन ?
जागेन !
के अर्थ हा यो। फूमन्तरको अगाडि काम्दैन। जब एक्लै हुन्छ तब त मन् काम्न थाल्छ। मनमा डर पनि लाग्छ तँलाइ ?
लग्छ, मलाइ यसले छोडदैन भन्छन् !
आफ्नो जिएको ख्याल नगर्नेलाइ कहिले यो छोड्छ। बुझिस्, जा त अब तलैतिर, झोक्री उतै गएर।

पहले बूढो जेठो छोरालाई भिन्दै राखिदिएर कान्छोका साथ एकाघरै काल पर्खिरहेको थियो। छोराहरूको बढतो देख्न पाउनुनै उनको निम्ति ठूलो सन्तोष थियो। यौटा गोडा लंगडो हुंदा पनि उनले दुइ–तीन पखेरा बारी जोरेकै थिए। उनी हलीलाई हांकेर अझै पखेरो जोताउदै थिए। बढता बुहारीहरूको कचिंगल पन्छाउन तीन कान्लातल पुरानो गोठमा उनले जेठा छोराको परिवार सारिदिएका थिए, जसमा खैलीका साथ गाउँका भलादमी र मुखियाहरूको मुख्याजी अंशवण्डा गर्नु परेको थियो, तापनि जेठाउपर उनको स्नेह साविक नै थियो।

राती बखतसिंह आफ्नो कान्छी जुनू र दुइ वर्षे छोराका साथ संगै सुत्यो। कोठाबारेको चोटो घ्याम्पा, गाग्रा, थुन्से, ढोक्से, डाला आदिले सांघ्रिएको थियो। चोटाको तीनै कुना मकैका कुन्युले भरिएका थिए। एकातिर कुनामा उनीहरूको सुताई हुने गर्दथ्यो लस्करै। बखतलाइ निद्रा लागेन। उसले अर्को एक चिलिम तमाखु हालेर ल्यायो र ओछ्नेनको छेउमा बसेर नली विना नै हुक्का गुर्राउन थाल्यो। उसकी जुनू निदाई सकेकी थिइन्, ऊ चाहिं उसैको मुखमा हेरिरहेको थियो। उसका आंखालाइ आधा रातसम्म निद्राको तन्द्राले लट्ठ्याउन छाडेको धेरै दिन भएको थियो। एक–पल्ट उसले लामो सास फेरेर ऊ गर्‍यो, जसका साथै जुनूका आँखा पिलिक्क उघ्रे:



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



किननि बत्ती ननिभाएर ... ... ... ?
त्यसै, के हतार भैगो छ र !
लौं, हामी त सुत्छौं, निद्रा लाग्या छ !
मलाइ छैन त तिमी पनि जागिरहू–मैले भनेको छैन !

बायांतिर सुत्नेको हाल के छ नि, उनी कहिले हून् आउने माइतीबाट ?
बर्षे धन्दाले छोप्ने बेला भैसक्या छ । थोरै हुन् दिन बितेका पनि ।
औंसीका रातै बिहान माइत खुर्किएकी लौ, आज पूर्णेको रात भैसक्यो !

जानू त के भोली बिस्त र जेठो ससुराल, खानू मेजमान्गी दुबै छाक,
अनि ल्याउनू कतिको त, अगिल्लो दिनको ठट्टाबाजी मज्जासित माइतां
ढौंतारी मार्न पो रहेछ । फेरि राम्रो उज्यालो नव्याईकन हिंडेकी लौं !

सात दिनअघि लागेका पाहुना त्यही दिनमात्र बिदा भएका थिए । तब त्यो रजनी जुनूलाई मन फोएर कुरा गर्न मौका दिंदै थियो । थुर्थुर र मस्कनाले बखतको अनुहारमा पन्ध्रौं दिनदेखि मलिनता गढाउदै थियो, तैपनि जुनू आफ्नो पतिको रिट्ठेको र छरितो अनि फुर्तिलोपना घटेको देख्तिनथी । बखतको बोलीलाई केहीबेर पर्खेपछि जुरुक्क उठेर उसले टुकी निभाई ।

मटितेलको अनिकालमा बेला त्यत्तिकै सुकला गर्ने क्या !
म निदाएको छैन, के निभाउं त ?
चल्का ! निदाएर निभाउने ! आफूलाइ पनि निद्रा लाग्या छैन ।
लागेको छ भनेकी हैन त ?
हो त भनीदिएकी । अघि ...... छोप्ला जस्तो थियो, फेरि ...... !

म्यालका खापाको होडबाट जून छिरिरहेको थियो । जूनूका आँखा चन्द्रमाको बिम्बका सामु टिल्पिाउंथे । बखत दुइ–तीन कोल्टे पल्टिंदै हुपको बिरामी झैं झन्किन्थ्यो । उसकी कान्छीले बांया हात पसारेर लोग्नेको



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पाखुरातिर छामी "केही भए जस्तो छ, हो ?"

हैन, केही भएको छैन।
किन त झस्केको ?
मलाइ थाह छैन। यही हातले छुंदा त बिउंझेको!
अँ: हो जब! धपेडी परेको छ क्यार वरपर चार्दा!
खोइ कसो हो ?
अनि किन त वैलिए जस्तो ?
मस्तको एक निद्राबाट बिउंभेर बच्चो जुनूको छातीतिर घस्रियो, कान्छी!
आउ राजा, आऊ, म भर्खर निदाकी, आऊ।

बखत निदाएको थिएन, न त चंखै थियो। ऊ थियो खंदिलो तन्द्रामा। उसको चौबीस वर्षे शरीर मात्र थियो त्यहां। सांच्चैको ऊ आफू अन्तैं थियो। उसले बर्बराएको स्पष्ट शब्द कुनै पनि जुनूका कानमा पर्दैनथ्यो। ऊ कान ठाडा त पार्दथी। मनमा ऊ सोच्तथी पनि? अलि बेथा त लागेछ क्यारे! बखतचाहिं बिपनाका सुशंका र अपशंका खेलाएर के-के सम्झन, पुग्दथ्यो होला।

त्यो रात जुनू पूरा निदाउन सकी कि सकिन कुन्नि। सौता नभएको मौकामा सुनको एक जोर चौगेडी बनाइ हाल्ने उसको अनुरोध थियो। त्यही बुँदामा ऊ कुनै दिन झर्किएकी पनि थिई। यौटा गहना जोरेर बस्न पाए आफ्ना पांड़े खत्री भएका माइतीको धाक र इज्जतको ढाकछोप ऊ अझै गर्न पाउंथी। भिन्दै बस्न परेको सालभर मात्र बितेको थियो, सो कुराले एकपल्ट उसलाई हच्कायो पनि। अनि उसको मनमा सहानुभूति पलाएको लक्षण चुम्मिन थाल्यो।

अहिले गाठी पुगेन भनेकोभा पनि त हुन्थ्यो नि, किन दुब्लिन परेको होला? यो बाक्य उसको मनमा मात्र रहन सकेन, मुखबाटै ओकलिंदा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बखतको तन्द्रा केही घट्न पुग्यो । कसैले बोलाएको जस्तो लाग्यो र ऊ झस्किंदै जुरुक्क उठ्यो । जुनू त्यतिखेर बोलिन । ऊ बखतकै बोली पर्खंदै थिई । उसले टुकी भुल्क्यायो र सुरुवाल, दौरा, टोपि पटुका बाध्यो, कोट भिऱ्यो अनि ऊ जुत्ता खोज्न ढोक्सेको अन्तरतिर लरबरियो । बाहिर मिर्मिरे हुदै थियो ।

हैन, सवेर भयो र भन्या । यति सवेरै पनि ससुराली जान्छ क्वै ? कमर खलकका घर बेलुकी पो ढल्की-ढल्की जानुपर्छ ।

म अन्तै जान्छु । घाम ढल्केपछि जाउंला त्यता, तीनै कोसत छ ।
जाउलो पकाउं अलिकति, उठेर ?
पर्दैन भन्दै ऊ बेतको पेटारो खोल्न लाग्यो ।

भैगो भन्या, मलाइ गहना चाहिया छैन, भोलिपर्सि लगाउंला । आजै सुन किन्न बितेकी छैन, भोलिपर्सि लगाउंला । त्यति लामो बाटो हिंडनु पर्छ, मस्तोंगले जस्त छ । हिजो बेलुकी जाउली पनि रुचेको छैन उस्तो । भैगो बिन्ति छ ।

म बिहान अन्तै जान्छु अनि उतैबाट बाटो सोझो पनि पर्दछ ।

जीवनमा तोड पर्न आएको बखतलाइ आफ्नै मनको शंकावश जुनै क्षण पनि कुनै एक नौरंगे छायाले लखेट्न छोडेको थिएन । उसलाई बिगार परेको थियो, जम्दो घरबारलाई सहन नसकेर बोक्सीले उसमा बिज्याइ गरेकी थिइ । यसैमा आफन्त, जोरी-पारी सब विश्वास गर्दथे-उसलाई कसैले भेद पारेको छ । उसको रुचिमा पनि केही गडबडी देख्ता जुनू समेत पेटको व्यथा हो भन्ने गम गर्दथी ।

चौध वर्षको उमेरमा उसको पहिलो विवाह भएको थियो । सलक्क परेको राम्रो आफ्नो फेदभरका ठिटाहरूमध्ये निकै उम्दो र उसको प्रतियोगितामा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कोही खडा हुन सक्तै नथ्यो। बाबुको आर्जनले उसको आर्थिक समस्या हलुकै थियो। अनि कमरकी छोरी विवाहको निम्ति पाउनु त्यत्तिको केटा-लाई मुश्किल थिएन। केटी पनि त्यही जोडीको निम्ति नै जन्मेकी जन्ती थिई। शारीरिक भनु या मानसिक, कुनै प्रतियोगितामा पनि जुनू उसको (ग, ढंग र डौलमा पुग्न सक्तिनथी।

५-६ वर्षभित्रै विवाहको प्रतिफल-सन्तान नहुदा छिमेकीलाइ समेत आश्चर्य लागेको थियो-बांझो जोडी। आफ्नी जेठी मुनूसित खेलांची गर्दा कुनै दिन उसले सुनेको कुरा गरेको थियो, मुनूको मुखबाट बाफिला शब्दहरू निस्केका थिए-हुन्छ के त, नपुग्दो कुरा छैन, मिलेर बसौंला, चाहिने कुरा नभएपछि... ...बरू कस्ती होली। अँ, मभन्दा रा-ो होली- र विस्मय, हांसो औ भविष्यको कल्पना पनि यिनैमा मिसिएका थिए। अठारको उमेर भइसक्ता पनि पेट मह्गो नहुनु प्रत्युत जुनूको मनमा खुट्को टुसाउनु थियो। वखतको मन त झन् आमाबाबु र छिमेकीका अठार पुराण सुन्न पाउंदा कर्तव्यको बाटो सम्झन बाध्य थियो। त्यो दिन बित्यो र यो पनि:

............ दुइटी भए बाहिर र भित्र पालैसित काम गर्न पाइन्थ्यो मन मिलाएर। ससुराला ठाकठुक परे जस्तो छांट छ, त्यसै हो ?

हो, ऊ आउन्न अब !!
किन नि ओठ कमाएर बोल्या, नराम्रै पर्‍यो कि !
हुनसम्म। यत्तिकैमा सांझले रातको सूचना गर्‍यो।

बखतको व्यथा गजबको ! बढी खान खोज्दा उसलाई नरुच्ने ! जुनूको सेवा, पहलेको देखेर ख, छिमेकीहरूको लोलोपोतो, पिपलुको पूजा सत्यनारायणको भाकल, बोकाको बलि आदि उपचार निष्फल हुदै गए, ऊ दुब्लाउंदै गयो। सांझ-रात प-पांच झांक्रीका बीचमा राखिएको उकको धामी उपचार त झन निकै उल्लेखनीय थियो। व्यथा खुट्टिएको होईन। त्यत्तिखेर कँपीले उसको जीउमा प्रवेश गर्दैनथ्यो। ऊ जुनसुकै पनि ओखती गर्न,



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खान बाध्य थियो। व्यथा नखुद्दिनुचाहिं ओडाभरका उपचारकहरूको विद्या असफल हुनु थियो। भयो पनि त्यस्तै।

विमार त अरूहरू पनि हुन्थे, तर यस्तो कहिल्यै नभाको! झसंग हुने, झस्कने, अलिकति निदाएको छैन थुर्र कांप्ने, यस्तो व्यथा त थाह नै छैन दैव! के भाको हो! बखतको सिरानपट्टि बसेर जुनू सुसुल्कामा हाजिर भई।

मलाइ दैव लाग्यो, के गर्नु त खोइ! बखतका यी वचनले जुनूको मनलाई खिन्न पारे।

मैले सुनें–तपैं ओछ्नेन नपरून्जेल गैरे खोल्सातिर जानु हुन्थ्यो अरे। त्यता जान नहुने।

त्यो ठाउं भूतप्रेत लुक्ने गव्धेरो भन्थे। त्यतैकाले भेटेको हो कि? बुझ्याउन कसैले सकेको हैन। त्यतातिर नगाको भए हुने।

अब त बखत विमारीको सक्कली अभिनय देखाउन बाध्य भयो। उसको आँखासासु एक त्रासद, धमिलो छाँयाले आक्रामक राक्षसको खडा रूप देखाउन छोइने भएन। हलचल गर्न अशक्त ऊ हातका औंलाले कसैलाई विदा दिएको जस्तो इशारा गर्न थाल्यो। घडीभरको एकान्त पर्नु पनि उसको निम्ति भयानक हुन गयो।

कसैको अनुभवले नखाम्दा अब ऊ नबाँच्ने ठहरियो। दुनियाको बखान सुन्दा सुनू र जुनू दुबैले जवानीको उक्लंदो सिंढीमै विधवा हुनुपर्ने भयो। सुनूको माइतीतिर खबर गयो–लौ पतिको मुख हेर्न परे छिटो आउनू रे त्यस्तै जुवाइंको मुख हेर्न परे ······। तर आउने अरू को को हुन सक्थे र!

अब त बखतको प्राण हुरूक्क जान मात्र बांकी थियो। "परे मलाम, नपरे सलाम गर्न आउने सबै जना थामिनै मुश्किल" भन्न लागे–निराश



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भएर। उसका शरीरका अंगहरू सबका सब असक्त भइसकेका थिए। अब त्या ज्यान फेरि पलाउन सक्तैन भनेर सब त प्राण–यात्रा सजिलो होओस् भन्ने सहानुभूति दर्शाउन थाल्ने भए। त्यस्तो हुदा ऊ एकफेर तनक्क तन्केर अकासिन मात्र बांकी थियो।

खोइ त जेठी बुहारी, ऊ मुख नहेर्ने भई ? क्या छ सौतेनी मामला ! मुनूको भाइ यो सोधनी सुन्नु पर्दा चकित भयो। मुनूको प्रश्नले उसलाई केही पला रोके तापनि फेरि केही पलापछि उसको मुख चिमिएन खबर मात्तै गो गएको त।

"हं:, के भनेको नानी तिमीले ?" मुनूले अन्तैतिर बाटो ततइछ भन्ने सोचले पहलेलाई बल्ल समात्यो।

मैले भनेको–मुनू दिदी यता कि उता ?

पहले एक छिन वाल्ल परे अहिले यो कुरो भर्सेला परोस् भन्ने ठानी बखतप्रति नै मुट्ठ ढुकाउन लागे। विशेष गरेर मुनूको वैधव्य नचाहने जोरी-पारी र मित्र खालका नरनारी सब आंखा आंख गर्न थाले। सबैको आंखा-सन्काइमा मुनू खोइ ? बखतको त मुनू भन्ने बुंदा झस्किन्थ्यो किनकि मुनूमां रहेका निर्दोष गुणहरू वास्तविक प्रेमका परिचायक थिए भनेर दुनिया स्वीकार गर्दथ्यो।

व्यथाको परिचय नपाई प्राण खुस्कनु जीवितका निम्ति अझै अशान्तिको कारण छदैछ। बखतबाट त्यस्तै हुने समय आयो। दिल दिनेहरूका आंखाबाट तातो पानीका लहरे थोपा तप्कन थाले।

मुनूको भाइ पनि एक चम्चा पानी घुट्क्याइ दिन अगि सर्‍यो। घुट्का घुट्टक्क पार्दैमा बखतका आंखा उसका तर्फ परे। यस संगमले स्मृतिका



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



तन्त्रीहरू पुनः उज्जीवित भएका झैं सासको अन्तिम पटकलाई संकेत गर्ने छटपटी घट्न थाल्यो। केही प्रसन्नता उसका आंखामा छाएको जस्तो देखियो, मानो उसले प्राणसंकटको यातनाबाट अलिक सुविस्ता पाएको थियो। सवैत खुट्का लगाउने अन्तिम धिप-धिप सोच्तथे! बखतको मन कोमल भएर कुप्पिएको जस्तो लाग्यो किनकि उसका आंखाबाट अहिल्यै आंसुको रसान गहतिर वहेको देखियो। स्मृतिले मायामोहको तन्त्रीमा र साथै भित्री दर्द पोख्ने कोमल तन्तुमा बास गरेछ कि ? उसको जस्तो वज्र-कठोर हृदय यस अवस्थामा पुगेर रसायो कि? उसको साक्षी आत्माले प्रेरणा दिएछ कि ?

वखु ? अलिकता वाँरिस, हो ? म वावुलाइ नलगी तंलाइ आस्यो दैवले! केही भन्नवांकी भए ...... !!! पहलेको मुटुको वुढ्यौली भक्कानो फुट्यो-घुँक्क।त्य तिखेर वावुको आंसुले बखतलाइ अभिषेक गऱ्यो "शोक पार्ने भइहालिस् !!"

शंकित खुटकाको समय बित्यो। वखतले जति-जति आन्तरिक हठको गांठो फुकाउंदै गयी उति-उति ऊ चंख र सचेत हुदै आयो भन्ने अडकल गरौं। उसको उज्जीवनको तेस्रो सूर्योदयमा साहसको संचार भयो। एकान्त पाए-देखि वावुलाइ केही सुटुक्क कानमा सुनाउने उसको प्रस्ताव स्वीकृत भयो। पहलेको कान र उसको मुख अनि आंखीझ्यालबाट भित्र छिरेको हावा, वख-तले विस्तारै तर तडकारै वोलेका शब्दहरूको साथ संचारत भए। हुन पनि ऊ हुरूक्क हुन सकेन। उसको प्राणपखेरूको पगाका पोयाहरू चट्ट चुडिन सकेनन्, न त शरीर नै पट्ट पड्किन सक्यो। यमराजको दूतका आंखा कसिंगरले भरिए। वखतले, जे होस्, विष ओकल्यो। यसैको निम्ति नै ऊ बैरिएको थियो।

पहले मनमा वाह्र-सत्ताइस कुरा थन्क्याएर राख्न सक्ने मानिस थिएनन्। उनलाइ मनमा लाग्यो, सवले थाह पाइसकेका छन्। "के मति



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लिइस् नि बखु, तैंले ।" अर्को वाक्य मुखबाट फुत्किएको उनले पत्तै पाएनन् "वित्यास् परिनस् त अब ?" र पछि हुने भएको पूर्वरेखा उनको दिमागमा पऱ्यो ।

"अब–म चाहिं–मर्दिन–जस्तो–छ । क–कसरी-मरूं खोइ ! झन–आंत-रसाएको हो कि । कुरा-गरि–रहुं-जस्तो–लाग्छ ।" बखतले पालीको डांडाभाटातिर नजर घुमाउंदै मर्न नपाएकोमा अपशोच गऱ्यो ।

वसन्तका दिनहरू वित्तै जान थाले। यौटा कुरो त अवश्य हो–सौता नभएकी यौटी स्वास्नीसित पनि टाकठुक हुन्छ । पुतलो र पुतली जस्तै भएका ती दुइ पात–पत्नी रहने परस्पर मर्यादाको कट्टरता नजानीकनै किशोरावस्थाबाट पार पुगेका थिए । आफूले पेट नबोक्ता नै जुनूको विवाह आफ्नो लोग्नेसित भएको हो भन्ने कुरा मुनूले बारंबार प्रकट गरेकी थिई । सौतेली जीवनको रूखो तितो र दिलपोल्दो मर्का उसले कहिल्यै भोगिन त मनमा नै लिएकी हो । तिनीहरूको त्यस किसिमको जीवन देखेर दुनिया प्रकृतिको विरोधाभास सम्झन्थ्यो तर दुनियाको सामु अब जातिसिध्द घटना प्रस्तुत भयो ।

गाउंका ठूलाठालु र भलादमीका अतिरिक्त अड्डाका कारिन्दा र सिक्री हातमा लिएका चार जना पुलिसका अगाडि जुनूले पिंडीको डिलमा बसेर मुनूका सम्बन्धमा वक्तव्य दिने दिन पनि उदायो ।

पांच वर्ष पुराना लहडबाजीका कुरामा दुइ जना ठट्टा गर्दै थिए। स्याललाई दोष दिएर खसमले बोको लुकाएको (मुनू) दिदीले तेलमसाला चोरेको, अनि दुवैले मतो गरी आमाबाका आँखा छलेर सिमपानी गोठमा रमिता गरेको, तन्नेरी दौंतेरीहरूका साथ मिलेर कबाफ बनाई खाएको–यस्तै कुरा कोट्याएर दुवैले ठट्टा गरेका। म सानुलाइ थुन चुसाएर बसेकी थिएं ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



एकले अर्कालाई नजाती भन्दै कुराले घोच्तथे । दिदीले पनि एकाधपल्ट चिमटेकी थिइन् । यस्तो खेलमेल देख्ता मलाइ पनि रमाइलो लागेको थियो। खसमको बल कुत्कुती लगाउनमा, दिदीको चाहिं चिमट्नमा ! अरू दिन पनि यस्तै लठार पठार गर्थे । यस्तै कुरा झिकेर सांझ बिहान गीतको रसम पनि झिक्तथे । कहिले त मैले पनि गीत गाइ दिन पर्थ्यो दुवै नाच्नलाइ । मलाइ हुलेको भोलिपल्ट पनि उनीहरूको मतो देखेर मै छक्कै पर्थे । रमाइलै थियो ।

त्यत्तिकैमा एकपल्ट बांझी भनेर खसमले हात फुत्काउनु भाको, ढुंगाको गारो, दिदीको निधार, अलि धारिलो चुस्सामा ठोकिन पुगेछ । म तमाशा हेर्दै रहेको । खसमले निधारको घाउमा पानीको रस निचरेर लगाइ दिनु भएको, पट्टी समेत बांधिदिनु भएको-दिदीले के सम्झिन् कुन्नि ढुखेर एक छिन रोइन् । मैले पनि उनलाइ फुल्याएं । बेलुका जाउली खाएर धन्दा चुलो संगै गर्‍यौं । एक साताभित्र घाउ निको हुन्छ भन्थ्यो । अचेलको सानो एक पैसे घाउ पनि थिएन । अर्को दिन बेलुकीसम्म घाउको बारेमा कुरो कोट्टिएको थिएन । सातापछि दिदीको माइती जाने कुरा थियो । निको नभै नजाने कुरा पनि उनले मानेकी थिइन ।

त्यसको भोलिपल्ट मलाई केही थाह भएन । राती गुनगुन उनीहरूकै थियो । सखारै उनी माइती गइन कि कता गइन, मैले थाह पाइन । अब त म केही पनि भन्न सक्तिन–यत्तिकैमा जुनू बच्चो च्यापेर रून लागी । उसले अझै बोल्नु पर्ने भयो, "अब त उहां-खसम नै बांचेको हुनुहुन्छ ।"

वखतसिंहलाइ दुइ जनाले भरथेग दिंदै बाहिर ल्याए । भित्तामा कोदाको भुस भरिएको तकिया अडेसा दिएर उसलाई पिंडीमा वसाए । पुलिस र सिक्रि अनि भलादमीहरू सबलाई देखेर ऊ जिल्ल पर्‍यो । बाबुको कानमा भनेको कुरा फैलिएको पायो । उसले भन्यो, "मलाइ-लैजाने ! !"

अरुणोदय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सोधिएका प्रश्नको जवाफमा उसले कनीकनी भन्यो, सानोतिनो–झोक उसलाई सहिंनसक्नु भएछ उसले निधारको चोटखप्न स-किन्न छ . आधा रातमा उसलाइ यसो-छाम्छु त ऊ-छैन । निकै बेरपछि–अनि कत्ता गईए भनेर--मजेरी–मजेरी–ओरलि-दा दैलो-खुलेको–बाहिर–निस्पट्ट–अंधे–रो यसो-नि-या-ल्दा त दैलाको–बाहिरपट्टि-यी यही-खोपिल्टामाथि–वलंग झुण्डेकी–देखें । डोको-य'हींनेर-लडिरहेको-थियो । तव मतिले–जे-देख्यो, त्यहीं गरें-गैरे खोल्सामा गाडें तर मनले–उम्कने बाटो-पाएन ! लौ, म बांचेको छु ! मैं साक्षी छु !!!

॥ इति ॥

“ यो बाटो निर्माण नेपालीहरूको परीक्षाको रूपमा देखापरेको छ। अर्काको लागि हामीले रगत बगायौं, आफ्नै लागि केवल पसिना बगाउनु परेको छ ।”

श्री ५ महेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

## ए ! नभुलेस्

श्री देवराज ओपाने
[redacted] )

थियो विश्व नै तापले अन्धकार
नदेख्थे कतै प्रेमी कोही मुहार ।
यता जीव फाहीँ नपाएर साथी
म निद्रा-प्रियाको पुगें काखमाथि ॥१॥

वहां भो मलाई नयां यो व्यवस्था
मिले चारतर्फै सफा शान्ति रस्ता ।
लिएँ एक बाटो नमान्दै उदेक
पुगें हर्षका स्थानमा नै अनेक ॥२॥

त्यही छेउमै यौवनापूर्ण प्यासी
थिइन् सुन्दरी एउटी रूपराशि ।
म नेरै भई प्रेमले मुस्कुराइन्
नयाँ लोकको चन्द्रिका ती उदाइन् ॥३॥

म ता स्नेहमाथि अहो ! जेलिएछु
सफा देहको प्यासले लोभिएछु ।
म बोलें–"तिमी को ?" उनी मुस्कुराइन्
"म तिम्रै" मही हास्यरेखा वहाइन् ॥४॥

अरुणोदय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


मिली प्रेमराशि सहेली बनेर
थियो हर्षको सिन्धु सारै भनेर ।
अनेकौं तरङ्गी त्यहीं चित्त लाएँ
झसंगै बने नेत्र खोलें म जागें ॥५॥

महामोदले नै हटाएर कालो
थियो स्नेह बन्दै रहेको दियालो ।
कताबाट हा ! निर्दयी भेल आयो
सफा प्रेमको राज्य हाम्रो हरायो ॥६॥
उही संझनाले म सारै निदाएँ
नयां देश आयो न बाटो भुलाएँ
थिए जङ्गली क्षुद्र कांडा र वारा
कहाँ पाउँथे सुन्दरी प्रेल तारा ॥७॥

म घुम्थे अझै संझनाले अनेक
मिले दुःखको साथमै योगि एक ।
यता विश्वको दृश्य साँचो लिएर
"कवे ऐ ! नभूलेस्" वी भन्थे मरेर ॥८॥

नेपाली साहित्यिक त्रैमासिक पत्रिका
" बिहान " लाई सहयोग गर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# हाम्रो टुपि

ले० प्रा० हरिनाथ उपाध्याय ढुङ्गेल

वर्ण र धर्म जाति विभञ्जनको मर्यादामा रहने भारतवर्षीय जातिविशेलाई हिन्दू भन्दछन्। हाम्रा हिन्दूसंस्कृतिमा शास्त्रप्रमाणानुसार माणवक (कुमार) को पहिला वर्षमा अथवा तेस्रो वर्षमा, अथवा 'व्रतबन्ध' जहिले गरिन्छ, त्यसै अवस्थामा विधिपूर्वक अग्निको आधान र चूडाकर्म गरी 'शिखा' (टुपि) राख्ने चलन छ। अथवा आफ्नो आफ्नो जातीय संप्रदायानुसारको कर्म गरी 'टुपि राख्ने चलन छ। यो हाम्रो वैदिक अथवा परम्परागत संस्कृति हो। हिन्दूत्वको परिचायक चिन्ह पनि यही नै हो।

अब यो शिखा किन राखिन्छ र राख्नाले के फायदा छ भन्ने जिज्ञासा र तर्क हुनु पनि केही अस्वाभाविक होइन। यस विषयमा शास्त्रोक्त प्रमाण र उपपत्तिहरूद्वारा शङ्का समाधान गर्नु वर्तमान परिस्थितिमा अत्यन्त आवश्यक देखिन्छ।

१. "यशसे श्रियै शिखा, सिंहस्य लोम त्विषिरिन्द्रियाणि" यजुर्वेद ... ... यश, ऐश्वर्य, कल्याण, शोभा इत्यादिका निमित्त र सिंहसदृश शूरत्व, विरत्वको द्योतनका निमित्त शिखा राखिन्छ। जस्तो जंगली जन्तुहरूमा सव भन्दा श्रेष्ठ र शूर वीर जन्तु सिंह हो, उसको शिरमा शिखा (केसर) हुन्छ। त्यस्तै मनुष्य जातिमा हिन्दूजाति सव भन्दा श्रेष्ठ र सिंहसदृश



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शूरबीर जाति हो भन्ने परिचय गराउनका निमित्त शिखा (टुपी) राखिएको हो ।

२, "रिक्तो वा एषोग्नपिहितो यन्मुण्डः । तस्य एतत् अपिधानं यत् शिखा" शतपथ ब्राम्हण ...... जसको शिखा छैन, त्यो रित्तो, अथवा बिर्को नभएको भाँडो ( पोखिने र फोहर मैला पस्ने 'पुडमाङ' ) जस्तो हो । जसको शिखा हुन्छ र मन्त्रपूर्वक बन्धन गरिएको हुन्छ, त्यो चाहिँ बिर्को लगाएर सुरक्षित राखिएको दिव्य वस्तुहरूले परिपूर्ण भएको सुवर्णको पात्र समान हो ।

उसको मस्तिष्करूपी पात्रमा नाना किसिमका ज्ञान र विज्ञानहरू परिपूर्ण हुन्छन् । शिखा नभएको मानिसचाहिँ रित्तो, अर्थात्–आध्यात्मिक र आधिदैबिक विचारशून्य केवल इष्टफलवादी आधिभौतिक विषयको मात्र विशेषज्ञ हो । जस्तो बिर्कोले पात्र भित्र रहेको वस्तुविशेषको रक्षा गर्दछ । त्यस्तै:– विधिपूर्वक राखिएको शिखा र त्यसको बन्धनले पनि ह्राम्रो मस्तिष्कको र वर्ण धर्म तथा सामाजिक व्यवस्थाहरूको रक्षा गर्दछ । जथवा तथवा हुन दिंदैन ।

३, "ये भूतानामधिपतयो विशिखासः कपर्दिनः । तेषां सहस्रयोजनेऽव धन्वानि तन्मसि" । यजु० १६ अ० ५६ मन्त्र । जो शिखा नभएका र जगल्टाधारीहरु छन्, तिनीहरू भूताधिराज हुन्, उनीहरूको भेद (टुना) रूपी धनुर्बाणलाई सहस्र योजन पर हटाऔं । अर्थात्–जो शिखा नराख्ने भौतिकवादमा मात्र विशेष आधिपत्य जमाउने संप्रदायका र जो हिन्दू संस्कृतिको अनुसार विधिपूर्वक राखेको टुपीलाई पनि संन्यास धर्मग्रहण नगर्दै विनाविधि काटेर मुक्तवन्धन्न भै हिन्दूधर्मको विपरीत दिशा तर्फ वाक्पटुताद्वारा आला काँचा समाजलाई वहकाउन खोज्दछन्, उनीहरूदेखि सहस्र योजन पर हट्न नसके पनि तटस्थ त अवश्य रहनु पर्दछ । किनभने



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हिन्दू जातिको यसैमा गौरव छ, प्रतिष्ठा छ ।

४, जस्तो देवमन्दिर पवित्र हुन्छ र त्यसमा देवताले वास गर्छन, उसमा गजूर हुन्छ । त्यस्तै हिन्दूको शरीर पनि पवित्र मन्दिर हो, हृदयमा देवताले वास गर्दछन् । अतः उसमा दैवी विचार हुन्छ, आसुरी विचार हुंदैन । यसैको परिचायक चिह्न गजूर समान शिखा हो ।

जसले भक्ष्याभक्ष्यको विचार नगरी निषिध्द चीजहरू खाई शरीरलाई अपवित्र तुल्याउँछ, त्यसको अपवित्र हृदयमा देवताले वास गर्दैनन् । उस-लाई दैवी सात्विक विचार पनि कदापि आउँदैन । किनभने "आहारशुध्दौ सत्वशुध्दिः, सत्व शुध्दौ ध्रुवास्मृतिः स्मृतिलम्भे सर्वग्रन्थीनां विमोक्षः" छा० उ० । तामसी भोजनबाट आसुरी विचार आउँछ, आत्मसंयम हुन सक्दैन । अतः शिखाधारण गरी मर्यादामा रहनु 'सुरसंप्रदाय' हो, शिखा नराख्नु र विनाविधि काट्नु 'असुरसंप्रदाय' हो भन्न पनि अनुचित नहोला ?

हुनत हाम्रा हिन्दू जातीय बुध्दिष्टहरूले पनि शिखा राख्दैनन्, तथापि उनीहरू विधिपूर्वक शिखा-त्यागी बुध्दिष्ठ बन्ने र कृत्य अकृत्यको विचार गर्ने अहिंसावादी सात्विक दैवी विचारका हुनाले असुर शब्दले व्यवहार गर्न संकोच गर्नु पर्दछ ।

५, शिखा शब्दको अर्थ अग्निको ज्वाला पनि हो । अतएव 'शिखा अस्ति अस्य' यस विग्रहमा शिखा शब्दबाट 'इनि' प्रत्यय भई बनेको 'शिखी' शब्दले प्रदीप्त अग्निलाई कहन्छ । शब्दकोशमा पनि 'शिखी' शब्द अग्निको पर्यायमा दिइएको छ ।

हामी चूडाकर्म गरी शिखा राख्दा विधिपूर्वक अग्निको आवाहनादि कर्म गरी हवन गर्दछौं र शिखा राख्दछौं । अनि मन्त्रपूर्वक शिखाबन्धन गरी नियमपूर्वक आफ्नो धर्ममा रहन प्रतिज्ञाबध्द हुन्छौं । अग्निका उपासक



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बन्दछौं। शिखाबन्धन गनु नै अब उप्रान्त म जथवा तथवा गर्ने छैन भनी प्रतिज्ञाबध्द हुनु हो । अग्निका उपासक हुनाले नै हामीले अग्निको चिह्न 'शिखा' धारण गरेका हौं।

श्रौताग्नि ३, स्मार्ताग्नि २, समेत पाँच अग्नि हुन्छन्। तीन श्रौताग्निका उपासकहरू तीन शिखा राख्दछन्, पञ्चाग्निका उपासकहरू पाँच शिखा राख्दछन् । यस्ता संप्रदायका त्रिशिखाचार्य र पञ्चशिखाचार्यहरू पनि अद्यावधि दक्षिण भारतमा कहीं कहीं पाइदैछन्। अतएव 'अग्नि 'मणिबकः' (आगो जस्तो वालक) भनी माणव कलाई अग्नि तुल्य मानिन्छ। हुन पनि जो जसको उपासक हुन्छ, त्यो त्यही जस्तो हुन्छ र उसको परिचायक चिह्न पनि कुनैनकुने उसले धारण गरेको हुन्छ। यस कारण हामी अग्निका उपासक हिन्दू जाति प्रदीप्त अग्नि जस्तै तेजिलो र जसवसले छुन नहुने दुर्धर्ष पनि छौं। ब्रम्हचर्याश्रम देखि वानप्रस्थाश्रम पर्यन्त हामी अग्निको उपासना गर्ने हुनाले नै अग्निको चिह्न शिखाधारण गरेका हौं, तसर्थ मरेपछि पनि हाम्रो अग्निमा नै दाहसंस्कार गरिन्छ।

जब विधिपूर्वक अग्निलाई थान्को लगाई संन्यास धर्मग्रहण गर्दछौं, तब अग्निको चिह्न शिखा पनि त्याग गर्दछौं । यसै कारण संन्यासीलाई मरेपछि अग्निसंस्कार दाहक्रिया) नगरी मृत्तिकासंस्कार गर्ने (माटोमा पुर्ने) चलन छ। अरू पनि जति शिखा नराख्ने जातिहरू छन्, उनीहरूलाई मरेपछि प्राय अग्निसंस्कार गर्ने चलन छैन।

अतः हाम्रा हिन्दू भाइहरू पाश्चात्यसभ्यतामा बहकिई आफ्नो संस्कृति र आदर्शतालाई छाडी विनाविधिले टुपी नकाटून्। किनभने :—

सदोपवीतिना भाव्यं सदा बद्धशिखेन तु
विशिखो व्युपवीतश्च यत्करोति न तत् कृतम् ।

अरुणोदय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अमन्त्रो विशिखोवापि जपो होमो वृथा भवेत्
स्मृत्वोङ्कारञ्च गायत्रीं निवध्नीयात् शिखां ततः ॥

शिखाबन्धन नगरीकन जो कुछ जप, होम, श्राध्द आदि देवकार्य र पितृकार्य गरिन्छ, त्यो सबै नगरे बराबर हुन्छ, त्यसको फल केही छैन भनी हाम्रो शास्त्रमा बताएकाले शिखा नराख्नेलाई हाम्रो संप्रदाय अनुसारका धर्मकर्म आदि गर्दा ज्यादै अठ्यारो पर्न जाने हुन्छ। यस कारण अरूले जेसुकै भनून्, लाज नमानीकन आफ्नो धर्म तथा संस्कृतिको रक्षा र जातीय गौरवका निमित्त थोरै नै भएपनि शिखा बांध्न संम हुने गरी टुपी राख्नु कल्याणदायक छ। यसैमा हाम्रो गौरब छ, प्रतिष्ठा छ, प्रेयः नभए पनि श्रेयः अवश्य निहित छ। श्रीमद्भगवद्गीतामा मर्यादा पुरूषोत्तम श्री कृष्ण भन्नु हुन्छ :– "स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः"। "सहजं कर्म कौन्तेय सदोषमपि न त्यजेत्" इत्यादि।

जुद्धोदय पब्लिक हाइस्कूलबाट निस्कने
नेपाली साहित्यिक
" बाल पत्रिका "
लाई सहयोग गर्नुहोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# ( शहीदमा सन्देश )

— दैवज्ञ ग्यौपाने

खोली आफ्नो मधुर सुरिलो कण्ठको रामलाई
"आओ आओ झटपट गरी देशका दाजु भाइ" ।
भन्दै साजा सकल सुखको मार्ग खोजी हिडायौ
पर्दा च्याती मलिन तटको ज्योति राम्रो फिजायौ ॥

॥ १ ॥

बाधा पर्थे पद-पद कडा दुःख आएर छेक्थे
आंधी आई नजिक पथमा वज्र चड्केर झर्थे ।
कैले छेक्थे भलसित बढी दुष्ट खोला कराइ
कैले बढ्थ्यो प्रखर रविको ताप गर्मी गराइ ॥

॥ २ ॥

तिन्को वास्ता पलभर नभै मार्ग सोचेर रोज्यौ
बेला बिला नवयुवकहो ! यत्ति सन्देश छोड्यौ ।
बढ्दै आयौ प्रगतिपथको टाकुरामा उदायौ
देखी लाखौं विपद जनको चित्त पग्लेर रोयौ ॥

॥ ३ ॥

घच्का लाग्यो प्रणय दिलमा बेगले खुल्दुलायो
झल्का चल्दा करुण कलिका साथ उत्साह आयो ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सारा हाम्रा जफत हुकतो आज खोजेर लिन्छौं
पथाकी काल्लो कुलव सहजी ज्योति सल्काई दिन्छौं ।।

।। ४ ।।

भन्दै बड्दा मनुज–पशुका जालमा पर्न आयौ
छाती खोली हडबड नभै शान्तिले धैर्य राख्यो ।
लड्दै भिड्दै विविध तहमा वीरको शाद राख्यौ
हाँसी हाँसी अमर पदको काखमा पाउ राख्यौ ।।

।। ५ ।।

माया लायौ स्लवन कुना कन्दरा यि जगायौ
"हाम्रो साजा हक छ जगमा" तथ्य राम्रो चिनायौ ।
हेरी बाधा अतिसय हुँदा लड्नलाई सिकायौ
शङ्का होला नभुलन भनी ज्यान आफ्नो चुँडायौं ।।

।। ६ ।।

देखी लाखौं दमन–रहका भाइको मर्म हाल
जाने यात्री अमर पथका पूज्य हाम्रा शहीद ।
तिम्रो शिक्षा घर घर लगी पूर्ण सञ्चार गर्छौं
हामी बढ्छौं समय न भुली देशको माग लड्छौं ।।

।। ७ ।।

धोका दिन्नौं दनुजजनको दुःख हामी सहन्नौं
बाढी आए अगम छ भनी चूपलागी रहन्नौं ।
मैत्री छोडी वर र परको भेद कैल्यै लिदैनौं
आमालाई मलिन मुहुडा पार्न हामी दिदैनौं ।।

।। ८ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# करुण-रस-चर्चा

— भरतराज पन्त साहित्याचार्य

करुण रस सवै भन्दा बढी मार्मिक रसहो। करुणले रसिकको हृदयमा अनुभवद्वारा गहिरो चोटका सांथै अपूर्व चिरस्थायी आल्हादको प्रभाव पार्दछ। श्रृंगार आदि रसहरू केवल आफ्नो आफ्नो क्षेत्रमा मात्र क्षणिक चमत्कार देखाएर विलीन हुन्छन्। करूण रसको तीव्र मार्मिकता चिरस्मरणीय रूपले रहन्छ। चमत्कारातिशयको लागि सवैमा करूणको देन अनिवार्य चाहिन्छ। अरु रसको र करुण रसको अन्तरमा करुणका परिपोषक हुने रसहरूमा करुण नै परिपोष्य भएर रहन्छ। श्रृङ्गारले परिपोषित करुण सर्वोत्तम मानेमा इतिहासकालदेखि पाइआएको प्राथमिकता युक्तिसंगत र व्यावहारिक ठहरिन्छ।

प्रवृत्ति र अनुभूतिद्वारा अभिरुचि र कौतुहलको शिखरमा पुर्‍याइएको करुणरसलाई सामयिकता र परम्परावादिताको कसीमा सुवर्ण जस्तै घोटेर श्रृङ्गार जस्तो उत्तम रसलाई दुई फ्याक पार्न वाध्य भएका विद्वान्‌हरूले "सचेतसामनुभवः प्रमाणं तत्र केवलम्" को आधारमा संभोग र विप्रलम्भ अनुभवरूपी द्वारका दुई खम्बा वनाएकाछन् चमत्कारातिशय र सहृदयहृदयाल्हादकताको साथै, तीव्र मार्मिकताको गहिराईमा विप्रलम्भ चिरस्थायी र व्यापक ठहरिन्छ, सम्भोग चाहिं एकदेशीय र क्षणिक हो। "काल-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



"क्रमेण जगतः परिवर्तमाना चक्रारपङ्क्तिरिव गच्छति भाग्यपङ्क्तिः" भन्ने महाकवि भासको उक्ति अनुसार संयोग र वियोग वारंवार घुमिरहने र संयोग र वियोगमा म वियोगै चाहन्छु संयोग होइन, संयोग केवल एक मात्र आराध्यदेव पाइन्छन् वियोगमा विश्वभर उसैको स्वरूप पाइन्छ सङ्गम–विरह–विकल्पे वरमिह विरहो न सङ्गमस्तस्याः सङ्गे सैव तथैका त्रिभुवनमपि तन्मयं विरहे ॥ भन्ने सूक्तिबाट वियोगको अनुभूतिको अभि–व्यञ्जना स्पष्टै देखिएको छ ।

दृष्टिकोणको परिधिभित्र सीमित हुने समालोचनामा व्यापक एवं वास्त–विकतत्वको अवश्य चाँदनी प्रतिविम्बित हुन्छ, समालोचकको परिवर्तन नै कवित्व हो, कवि एउटा स्रष्टा हो, जसको सिर्जनामा सारा संसार जस्तो रूपमा पनि परिवर्तित हुन्छ, श्रृंगारी कवि श्रृंगारै श्रृंगारले भरिएको जगत्भित्र घुम्छ त वैरागी कवि शून्य संसारमा शून्य जस्तै बिलाउँछ ।

अपारे काव्य–संसारे कविरेकः प्रजापतिः
यथास्मै रोचते विश्वं तथेदं परिवर्तते ॥
श्रृङ्गारी चेत्कविः काव्ये सर्वं रसमयं जगत्
स एव वीतरागश्चेत् ………………… ॥

दार्शनिक दृष्टिबाट हेर्दा हामी मानवमात्रको होइन प्राणीमात्रको जीवन करुणाकै आरम्भ करुणकै अवसान भित्र रुमलिएको छ । यो सैध्दान्तिक मात्र होइन शतप्रतिशत व्यवहारसिध्द कुरा हो । करुणरसको बीजबाट भक्ति र वात्सल्यको दुई अङ्कुर पैदा हुन्छ । करुण रसकै सफलतामा भवभूति महाकवि कहलिए, जसको अमर उक्ति छ–रस भनेको केवल एक करुण हो, जसको वैकारिक रूपमा श्रृंगार आदि रसहरू कवि एवं रसिकको हृदयमा क्षणिक रूपमा कल्पना र दृष्टान्तको पृष्ठ भूमिमा चमत्कारी तरी–काले व्यवहृत भएका छन् । पानीका वैकारिक रूप छाँगा, छाल, भुमरी, तरङ्ग, र वुद्वुद् जस्तै अन्त्यमा पानीकै रूपमा विलीन हुन्छन्, त्यस्तै रस



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पानीकै उपमा सित राम्रै मिल्दो जुल्दो तत्व हो, भनेर यो कुरा गरेका छन् ।

एको रसः करुण एव निमित्तभेदादभिन्नः पृथक् पृथगिवाश्रयते विवर्तान् ॥
आवर्तबुद्बुदतरङ्गमयान् विशेषानम्भो यथा सलिलमेव हि तत्समस्तम्

( उत्तररामचरित )

काव्यसंसारको सृष्टि पनि करुणाबाटै सुरू भएको छ, आदि कवि महर्षि वाल्मीकि व्याधाले मारिएको क्र्याङ्कुरुङ्को करुण अवस्थाले प्रेरित भएका थिए। जसबाट अनायास प्रस्फुटित भएको करुण उद्गार सर्वविदित छ ।

मा निषाद ! प्रतिष्ठां त्वमगमाः शाश्वती समाः
यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम् ॥

यही श्लोक चौविसहजार ग्रन्थ भएको रामायणजस्तो अपूर्व काव्य वृक्षको बीज भयो, यही कुरालाई समर्थन गरेर श्री आनन्दवर्धनाचार्यज्यू आफ्नो ग्रन्थ ध्वन्यालोकमा लेख्नु हुन्छ–

काव्यस्यात्मा स एवार्थो यथा चादिकवेः पुरा ।
क्रौञ्चद्वन्द्वियोगोत्थः शोकः श्लोकत्वमागतः ॥

तसर्थ करुणारस साहित्यसंसारमा सुमेरु हो। श्रृंगार आदि रसहरू सिंगार पटारका साधन हुन् । सिध्दार्थ राजकुमार दुःखी संसार प्रतिको करुणाले नै सिध्दार्थ गौतम (बुध्द) बनेका थिए न कि यशोधराको श्रृंगारले कालिदासलाई कुमारसम्भवको श्रृंगारमा भन्दा मेघदूतको करुणामा महाकविको रूपमा पाउंछौं । जीवन–दर्शनको मार्ग करुणाले नै पूर्ति



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



गर्दछ । श्रृंगारको सिर्जना करुणाले नै मर्मस्पर्शी र चमत्कारी तुल्याइ दिन्छ । विहङ्गमदृष्टिले चुनिएका केही उदाहरणहरू अवलोकन गरेर अध्ययनको गहराइबाट अनुभूतिको सतहमा उत्रंदा स्पष्टै थाह हुन सक्छ । कालिदासीय मेघदूतमा प्रेमिका प्रति प्रवासी भन्छ–तिम्रो तस्वीर ढुंगामा गेरुले लेखेर आफूलाई तिम्रा चरणमा नतमस्तक तुल्याउन जब खोज्दछु, तब बारंबार उर्लेका नयनगङ्गाका प्रवाहद्वारा मेरो दृष्टि नै बन्द गराई दिएर कठोर दैव हाम्रो त्यसबखतको काल्पनिक भेटघाट पनि सहन सक्तैन ।

त्वामालिख्य प्रणयकुपितां धातुरागैः शिलायामात्मानं ते चरणपतितं यावदिच्छामि कर्तुम्
अस्त्रैस्तावन्मुहुरुपचितैर्दृष्टिरालुप्यते मे क्रूरस्तस्मिन्नपि न सहतेसङ्गमं नौ कृतान्तः ॥

त्यस्तै प्रोषित–भर्तृकाको अवस्थामा प्रवासीको परोक्ष कल्पनाले पनि वास्तविकताको आकाशमा फट्फटाएर रसिक सहृदयीको हृदयमा चमत्कारको बिजुली चम्काएको छ । यहाँ मेघदूत जस्तो लघुकाव्यमा पनि कालिदासीय प्रतिभाको छटा खूब चंचमाएको छ । मैलो लुगा लगाएको काखमा राम्रो वीणा राखेर हे मेघ ती मेरी प्रिया मेरो प्यारो नाम परेको गीत स्वयं रचना गरेर तारको लयमा गाउन खोज्दा उकुसमुकुसिएको विरह व्यथाले छचल्किएका नयन सरोवरबाट झरेका अश्रु निर्झरले भिजेका तारहरू मुस्कीलले चालेर आफैले उठाएको मूर्छनाको आरोह र अवरोह पनि बारंबार अनायास आफै बिर्सीरहेकी होलिन् ।

उत्सङ्गे वा मलिनवसने सौम्य ! निक्षिप्य वीणां
मद्गोत्राङ्कं विरचित–पदं गेयमुद्गातुकामा
तन्त्रीमार्द्रां नयनसलिलैः सारयित्वा कथंचित्
भूयो भूयः स्वयमपि कृतां मूर्च्छनां विस्मरन्ती ॥

शरच्चन्द्रको चमचम चाँदनी, राम्रा राम्रा फूलले सिंगारिएका उपवनहरू



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कोइलीको सुरिलो पञ्चम राग, भमराको मधुर गुञ्जन, मलयाचलको सुगन्ध मन्द पवनले लह लह भएका लहराहरूले हात जस्तै पालुवा हल्लाई हल्लाई माउ लगाएर देखाएको सुन्दर नाच, कुरङ्गीहरूको वहुरङ्गी चञ्चल हेराई, हंसीहरूले तंसी तंसी देखाएको मन्थर गतिको मयूरहरूले इन्द्रेणी जस्ता पंखहरू फर्र फिजाएर प्रदर्शन गरेको मनोहर नृत्यकला आदि जति पनि श्रृंगारका उद्दीपन विभावहरूछन् ती सम्पूर्ण प्राकृतिक छटावाट पाइने आल्हाद पनि करुण रसमा मार्मिक एवं चमत्कारी रूपमा वढी मात्रामा पाइन्छ। रघुवंश महाकाव्यमा कालिदासको महाकवित्व यसरी फस्टाएको छ रानी इन्दुमतीको वियोगमा विलाप गर्दै राजा अज भन्दछन्-स्वर्ग जाने हड वडमा पनि म प्रतिको ममतापूर्ण प्रेम व्यक्त गरेर कोइलीमा मधुर वोली, हंसमा मदले मन्थर गति, हरिणीमा चंचल हेराई, हावाले हल्लेका लहरामा विलासहरू छोडेर आफ्ना आकर्षक गुणहरूको जो याद दिलायौ, त्यसले विरहव्यथाले पिल्सिएको हृदयलाई शीतल गराउन सक्तैन।

कलमन्यभृतासु भाषितं कलहंसीषु मदालसं गतम्
पृषतीषु विलोलमीक्षितं पवनाधूतलतासु विभ्रमाः ॥
त्रिदिवोत्सुकयाऽप्यवेक्ष्य मां विहिताः सत्यममी गुणास्त्वया ।
विरहे तव मे गुरुव्यथं हृदयं न त्ववलम्बितुं क्षमाः ॥

उक्त उदहरणवाट प्राकृतिक छटाको सौन्दर्य देखि हृदय अलगै रहेको भाव वुझिन्छ ता पनि वियोगी हृदयले ती ती प्राकृतिक सौन्दर्यको तत्वहरूमा दृष्टि लगाएर उल्लेख गर्दा अवश्य आकर्षण गरेको रहेछ, जसले पूर्वस्मृति दिन्छ नत्र किन त्यसरी श्रृंगारका उद्दीपनहरूमा प्रेमिकाकै प्रतिविम्वमा जस्तै दृष्टि दिन्थ्यो ? ती छटाहरू पनि उद्दीपक रहेछन् भन्ने स्वतः थाह हुन्छ।

प्राकृतिक छटामा आराध्य देवको प्रतिविम्व पाइन्छ नत्र कसरी त्रिभुवनमपि तन्मयं विरहे भन्ने ? त्यही प्रतिविम्वको आभासमा पूर्वस्मृतिको अनुभवले सुषुप्त संस्कारलाई विउँझाइ दिन्छ। कोरा श्रृंगारमा त्यो किसिमको



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मार्मिकताको परम्परा पाइंदैन, मार्मिकता नै कविता हो, कविताले मुटु छुन सक्नु पर्दछ, त्यो कविको के काव्य ? त्यो धनुर्धारीको के वाण जसले अरुको मुटु छोएर शिरःकम्प गराउन सकेन । यही उक्तिले मार्मिकताको सिध्दान्तलाइ पुष्टि गर्दछ ।

किं कवेस्तस्य काव्येन किं काण्डेन धनुष्मतः ।
परस्य हृदये लग्नं नाधूनयति यच्छिरः ॥

महाकवित्वाकाशमा कालिदासीय मार्मिकताको चाँदनी यसरी चंचममाएको छ, जहां परित्यक्ता सीताले रामको लागि दिनुपर्ने सन्देश दिएर विदा गरिएका लक्ष्मणलाई आँखाले भ्याएसम्म हेरेर नदेखिने भएपछि प्रस्फुटिता भएको विरह ज्वालामुखीको असह्य बाधाले न्याउली चरी जस्तो डाँको छोड़ेर रुन लाग्दा मयूर नाच्न छोडे, रूखहरू फूलको आँसु झार्न थाले, मृगिणीले घाँस खान छोड़े, वनै रोयो ।

तथेति तस्याः प्रतिगृह्य वाचं रामानुजे दृष्टिपथं व्यतीते ।
सा मुक्तकण्ठं व्यसनातिभाराच्चक्रन्द विग्ना कुररीव भूयः ॥
नृत्यं मयूराः कुसुमानि वृक्षा दर्भानुपात्तान्विजहुर्हरिण्यः ।
तस्याः प्रपन्ने समदुःखभावमत्यन्त मासीद्रुदितं वनेऽपि ॥ रघुवंश १४ सर्गः

यस्तै प्राकृतिक छटाको वर्णनकला करुणामा गहिरो स्मृतिको संस्कारमा आरूढ हुन्छन् शृंगारमा केवल ओजनात्मक अनुभूतिमा । शृंगारमा मादकता र मोहको आधिक्य हुन्छ । करुणामा निरुन्माद सत्यं, शिवं, सुन्दम्‌को तात्विक अध्ययन । प्राकृतिक सौन्दर्यको आकर्षण शृंगारमा आएर उपयोगिता पाउंछ भने करुणमा पुगेपछि त्यो उपयोगिता तीव्र मार्मिकताको रूपमा परिणत हुन्छ । तीव्रता नभइ मुटु हुंदैन, मुटु नछोइ कविता छुदैन कविता नभए कवि हुदैन, कवि न भए भावुकताले स्थान पाउंदैन, भावुकता नभए प्राकृतिक



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सौन्दर्याकर्षणको पारख गर्न सकिंदैन पारखी नभए वास्तविक तत्वको अस्तित्व वेकारको हुन्छ । जुनसुकै तत्वको पनि लालित्यलाई सुषुप्तताबाट जाग्रतमा ल्याउन विना भावुक कवि अरु कोही समर्थ हुन सक्तैन । त्यसकारण पूर्वस्मृतिको संस्कारलाई साकार गराउन र अनुभूतिमा गम्भीरता ल्याउन करुणरसै चाहिन्छ ।

पण्डितराज जगन्नाथले पनि प्राणप्रिया लवङ्गीको मृत्यु पछि शोकाकुल हृदयबाट काकाकुलको जस्तै शृंगारलाई पनि बलात् खिंचेर ल्याउन सक्ने करुण उद्‌गार निकालेका छन्। प्रिये, तिम्रो रूप–सौन्दर्यसंग हार्ने कमलहरू–लाई निश्चिन्तताले विकसित गरायो, तिम्रो निर्दोष मुख कान्तिले जितिएका चन्द्रमाबाट अलौकिक सुषमा उदायो, तिम्रो स्वरमाधुर्यले दबेका कोइलीहरू निःशङ्क गाउन थाले, जुन दिनदेखि तिमी यस संसारबाट विदा भयौ ।

चिन्ता शशाम सकलापि सरोरुहाणां
इन्दोश्च विम्वमसमं सुषमामयासीत् ।
अभ्युद्‌गतः कलकलः किल कोकिलानां
प्राणप्रिये ! यदवधि त्वमितो गतासि ॥

भामिनी विलासः

यी सूक्तिहरूको अतिरिक्त संस्कृत–साहित्यमा करुण रसका मुख्य अङ्ग–हरूमा वियोगान्त नाटकको संख्या ज्यादै कमी भन्ने उक्तिको उत्तरमा त्यसो त वियोगान्त नाटकले करुणलाई पराकाष्ठमा पुर्‍याउँछ, करुणमा गाढापन भरिदिन्छ फीकारूपमा रहेको करुण त हाड भन्दा साह्रो पहाडको ढुँगालाई रुवाउंछ र फलाम भन्दा साह्रो वज्रलाई टुक्रा टुक्रा पार्छ भने कोमल–हृदयी मनुष्यको के कुरा ? अपि ग्रावा रोदित्यपि दलति वज्रस्य हृदयम् भन्ने महाकवि भवभूतिले वाल्मीकि र व्यास आदिको रामायण र महाभारत जस्ता ग्रन्थमा सीमित रहेको करुणलाई उत्तररामचरित जस्तो वियोगान्त



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नाटकमा व्यापक गराएर उक्त अभावकोपूर्तिगरेका छन् । संसारको इतिहासमा मानव हृदयको दौर्वल्य र प्रावल्यको विकासलाई सन्तुलित गरेर तदनुसार अवस्थाभेदवाट प्राचीन विद्वान्हरूले फीका र गाढा करुण भएका साहित्यको सिर्जना गरेका छन् । जति जति युगको विकासले हृदयको दौर्वल्य हटेन प्रावल्य वढ्दै गयो उति उति करुणमा गाढापन थुप्रिँदै गयो र तत्सम्वन्धी साहित्यको अभिवृध्दि हुदै गयो ।

कवितार्किकचूडामणि श्रीहर्षले अर्कै थरी चमत्कारले करुणरसलाई सिंगारेका छन् नैषधीयचरितको प्रथमसर्गको हंसोक्तिमा त स्वाभाविकै करुण रस छन् त्यो भन्दा अद्भुत छटा चतुर्थ सर्गमा दमयन्तीको विप्रलम्भ वर्णनमा वियोगावस्थाले सवै संसार आराध्यदेवको छायामा प्रतिविम्बित हुने सिध्दान्तलाई क्रियात्मक तुल्याएका छन् विरहको फुस्रोपना चिन्ताको पहेंलोपना, मोहको कालिमा र प्रेमको लालिमालाई आशाले चहकीलो तुल्याएर दशै दिशामा दमयन्तीको विरही दृष्टिले नलै नलको रङ्गीन चित्र खडा गरेको थियो, जसले त्रिभुवनमपि तन्मयं विरहे लाई सार्थक तुल्याएको छ ।

विरह–पाण्डिम-राग–तमो–मसी-सितिम-तन्निज-पीतिम-वर्णकैः
दशदिशः खलु तद्दृगकल्पयल्लिविकरी नलरूपकचित्रिताः ॥

त्यस्तै अर्कोथरी करुणरसको चमत्कार कालिदासकै रघुवंशमै पाइन्छ, जसमा वीर, करुण त भैइहाल्यो अद्भुत, हास्य, भयानक, वीभत्स र रौद्र रसहरूको एकत्र समावेश छ । वाणले काटिएा टाउकाहरू फलफूल जस्तै लडिरहेका छन, छरिएका पगरीहरू प्याला भइहाले, कुलो भएर वगेका रगतहरूको मसीले रणभूमि मृत्युको पानभूमि अर्थात् भट्टी जस्तै पो देखियो भन्दा यहां "वाणले चटाचट काटिएका" यहाँ वीर रौद्र र भयानक मिसिएका छन, "रगतरूप रक्सीको कुलो" यहाँ हास्य र वीभत्स



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मिसिएको छ, "मृत्युको भट्टी जस्तो" भन्दा अद्‌भुत र करुणको अनुभूति छ–

शिलीमुखोत्कृत्तशिरः फलाढ्या च्युतैः शिरस्त्रैः चषकोत्तरेव ।
रणचितिः शोणित-मद्य-कुल्या रराज मृत्योरिव पानभूमिः ॥

त्यस्तै क्षणभरको चमत्कारमा शान्त रस पनि राम्रै भनिएको छ । राजा भर्तृहरि आफ्नी रानी पिङ्गलाको दुश्चरित्र व्यवहारबाट विरक्त भएर सदाको लागि राजपाठ छाडेर वनतिर जान लाग्दा उनको विकलहृदयको भाव अनायास बाहिर पोखिन आएको छ । जसमा शान्त र करुणको दोभानबाट आखीरमा करुणै एक भएर बगेको भावानुभूति पाइन्छ । उनी आफ्नो वैराग्यशतकमा लेख्छन्– "म दिनरात जसको जपना गर्दथें, उ नै ममाथि विरक्त भएर अर्कोमा प्रेम गर्ने, अर्कोचाहिं त्यो प्रेमको चासो नराख्ने अर्कोमा लट्ट पर्ने, अर्को चाहिं कता कताबाट मेरो खायसमा भक्तिनी बनेर ध्यान गर्दी रहिछ भने, ती रानी, त्यो प्रेमी शठ, त्यो कामदेव भन्ने, त्यो ममाथि अनुरागिणी हुन खोज्दी सबैलाई र संसारमा सूक्ष्मदृष्टि लगाउन नसक्ने म जस्तालाई समेत बारम्बार धिक्कार छ ।"

यां चिन्तयामि सततं मयि सा विरक्ता
साऽप्यन्यमिच्छति जनं स जनोऽन्यसक्तः ।
अस्मत्कृते च परितुष्यति काचिदन्या
धिक् तां च, तं च, मदनं च, इमांच, मां च ॥

अन्त्यमा करुण रसलाई लिएर यतिसंम विश्लेषण गर्नाको तात्पर्य के हो भने उत्तररामचरित्र जस्ता नाटककार महाकवि भवभूतिको व्यापक सिध्दान्तको रहस्योद्‌घाटन र करुणलाई रस होइन यो त केवल रोदन पुकार र दासत्वपूर्णपुकारको पृष्ठभूमिमा देखापर्ने तुच्छ भावानुभव मात्र हो भनेर लगाइएका लाञ्छनाहरूको निराकरण । किन कि उक्त लाञ्छ–



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नाहरू लाञ्छना नभएर नौ रसमध्ये करुणको अझै गौरवान्वित र अतिरिक्त स्थान छ भन्ने सङ्केत गरिएको हुनु पर्छ। करुणामा शृंगारलाई रसिलो, वीरलाई जोशिलो, अद्‌भुतलाइ गहकिलो, हास्यलाई चहकिलो भयानकलाई अमिलो, वीभत्सलाई दरिलो, रौद्रलाइ तेजिलो र शान्तलाई स्वादिलो अनुभव दिन सक्ने अलौकिक वैलक्षण्य छ। यसका प्रत्येक उदाहरण दिएर लक्षण समन्वयगराउदा संवन्ध ज्यादै विस्तृत र भद्दा हुने शंकाले यो यहीं विश्रान्ति लिन्छ।

अस्ताएका सूर्य प्रति कविकल्पना–

एके वारिनिधौ प्रवेशमपरे लोकान्तरालोकनं
केचित्पावकयोगितां निजगदुः क्षीणेह्नि चण्डार्चिषः
मिथ्या चैतदसाक्षिकं प्रियसखि ! प्रत्यक्षतीव्रातपं
मन्येऽहं पुनरध्वनीनरमणीचेतोऽधिशेते रविः ॥

हे प्यारिसंगिनी ! अस्ताएका घामलाइ एकथरिले समुद्रमा पसे भने, अर्काथरिले अर्को देशलाइ उज्यालो गराउन गए भने अनि कुनैले आगोमा मिले भनी निर्णय गरे, यो सबै गवाही नभएको झुटा हो, म त ठान्द छु पक्का नै अस्ताएका घाम परदेशी (बटुवा) की स्वास्नीका चित्तमा गएर पसे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# संपादकीय

आज प्रत्येक नेपालीको आत्मा आनन्द र उल्लासले पूर्ण छ। नेपालीहरू आफ्नो कुनै पनि प्रसिध्द चाहाड पर्वहरूलाई सुन्दर, शान्त र सभ्य वातावरणमा हृदयतः आनन्दले उल्लसित हुदै मनाउंछन्, यो नेपालीको सभ्यता हो, संस्कृति हो, नेपाली आत्माको भित्री उद्‌गार हो, नेपालीपन हो।

आज हामी हाम्रा प्यारा राजा राष्ट्रनायक श्री ५ महेन्द्र वीर-विक्रम शाहदेवको ४५ सौं जन्मोत्सव मनाउँदैछौं। आजको दिन हामी नेपालीमात्रको पवित्र दिन हों, खुसीयालीको दिन हो, नेपालरूपी अमरावतीमा महेन्द्रको उदय भएको दिनहो, यसैलेनै सारा नेपालीको गौरवको दिन हो।

मनुष्य स्वभाव नै यस्तो छ कि मानव आफ्नो हृदयमा लागेका कुराहरू नपोखी रहन सक्दैन, किनभने आफ्नो हृदयमा उठेका भावना र उद्‌गारहरू नपोखुन्जेल मनुष्यको मनश्चाञ्चल्य हट्‌दैन र स्थायी आनन्द प्राप्त हुंदैन। यसैकारण हामी पनि आफ्ना प्यारा राजाप्रति शुभकामनाका केही कुसुमकलिका लिई अग्रसर भएकाछौं, तोते बोलीमै भएपनि आफ्नो उद्‌गार व्यक्त गर्दैछौं, तोते बोलीनै भएता पनि बालकको तोते बोली राम्रै हुन्छ, किनभने उसको बोलो विशुध्द, सत्य र पवित्र हुन्छ।

बडामहाराज श्री ५ पृथ्वी नारायणशाहले नेपाललाई विशाल राज्य



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कायम गरी नेपालीलाई एकताको सूत्रमा बाँधि बक्सियो । उहाँबाट निर्माण गरिएको यो उद्यानलाई सुन्दर, भव्य र विश्वको सामुन्ने सुन्दर नमूनाको रूपमा प्रस्तुत गर्ने काममा धेरै योगदान वर्तमान राष्ट्रनायक श्री ५ महेन्द्र वीर विक्रमशाहदेवबाटनै भएको छ । यस कार्यमा सच्चा मार्ग निर्देशन पनि मौसूफबाट जनतालाई बक्सेको छ ।'जनतामा नयां उत्साह कायम गरिबक्सेको छ । यो हामी नेपालीको लागि ठूलो गौरवको कुरा हो।

राष्ट्रनायकको कुशल नेतृत्वको फलस्वरूप आज नेपाल र नेपालीको गौरव, प्रतिष्ठा, र कार्यकुशलताले विश्वलाई प्रभावित पारेको छ । यो राष्ट्रनायकको कुशल नेतृत्वको फल हो । राष्ट्रनायकको कुशल नेतृत्वको फलस्वरूप आज एक करोड नेपालीको भाग्यरेखा पूर्वपश्चिम राजमार्ग बन्दैछ। विभिन्न देशहरू हाम्रा मित्र बन्दैछन् । नेपालीको परिचय विश्वले पाउंदैछ । जनतामा आफ्नो देश आफैले बनाउनु पर्छ भन्ने भावना बढ्दैछ । यस पुनीत दिवसको अवसरमा हामीले श्री ५ को महान् वाणी "एक करोड नेपालीको सहयोग प्राप्त भएमा यस देशमा हुन नसक्ने काम केही छैन" लाई पूर्णरूपले साकार बनाउनु परेको छ । हामी एक करोड नेपालीको कर्तव्य आज यही भएकोछ । भाई भाईमा नयाँ चेतना, जागर्त्ति, उत्साह र उमङ्गलाई भर्नु परेकोछ देशको मागलाई बुझ्नु परेकोछ । श्री ५ को देश निर्माणको भावनालाई हामी नेपालीले कार्यान्वित गर्नु परेकोछ । आज यस पवित्र तिथिमा हामीं यीनै कुराहरूको संस्मरण गर्दै र गराउँदै हाम्रा प्यारा राजा श्री ५ महेन्द्रको दीर्घायुको शुभकामना गर्दछौं ।

"जब सन्तानका शरीरको मात्र होइन, विकाशको पालन पोषण गरी समाज र संसारलाई सुन्दर पार्ने सुस्थिति निर्माण गर्दछन् र मानव परम्परालाई प्रगतितिर लैजान्छन्" वास्तवमा पिता भनेका तिनै हुन् ।

— कुनै विद्वान्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

## "अरुणोदय" को लागि निम्नलिखित ठाउंमा सम्पर्क राख्नुहोस् ।

(१) श्री कुमारी कमला देवी सुवेदी
के० श्री चूडाराज उपाध्याय पू. ४ नं. भोजपुर दलगाउँ

(२) श्री तारिणी प्रसाद चापागाई
पू. ४ नं भोजपुर "केवल सदन" दिङ्गला साङ्गराङ्

(३) श्री ईश्वरमान जयेश्वरमान श्रेष्ठ
"स्टुडेन्ट सप" पल्लो किरात तेह्लथुम वजार, धनकुटा, नेपाल,

(५) श्री भोजराज पन्थी
प. गुल्मी रिडी संस्कृतप्रधानपाठशाला

(६) संस्कृतप्रधानपाठशाला
प. ३ नं. पोखरा

(७) गबन्ना, अमृत साइन्स कलेज, ठमेल)

—●—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

का०मे०अ०८० १५२।२६:

# त्रिवर्षीय योजना र हाम्रो कर्तव्य

हाम्रो मुलुकको सर्वाङ्गीण विकास गर्ने र देशका बहुसंख्यक जनताको जीवनस्तर माथि उकाल्ने यही त्रिवर्षीय योजना हो। यस योजनामा सबभन्दा ठुलो रकम देशको सबभन्दा पहिलो आवश्यकतो यातायात र संचारका साधन तथा बिजुलिको विकासको लागि छुट्याइएकोछ ।

यसबाट करीव ६२५ माईलको नयां बाटो र २३ नयां हवाई मैदानहरू बन्ने छन् । बिजुलितर्फ त्रिशूली र पनौति विद्युत् योजनाहरू पूरा गरिने छन् ।

तीन वर्षमा ने.रू. ६० करोड खर्च गरिने यस योजनामा कतिपय नयां उद्योग धन्दाहरूको स्थापना कृषि, सिंचाई, सहकारिता, शिक्षा, स्वास्थ्य आदि विषयका कैयन् कार्यक्रमहरू कार्यान्वित हुनेछन् । यस्तै योजना कार्यान्वित गरेर नै हामी अन्य विकसित मुलुकको दाँजोमा पुग्न सक्तछौं । अतः यस त्रिवर्षीय योजनालाई सफल तुल्याउन तन मन धनले सहयोग गर्नु प्रत्येक देशभक्त नेपालीको कर्तव्य हो ।

मुद्रकः- मातृभूमि प्रेस, फो. नं. ११-५२० घण्टाघर, काठमाडौं नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिभुवन
NEPAL
वाल्मीकि क्याम्पस
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu